ISSN 2091-1629

मूल्य रु. ४५/-

गौरी मासिक

GAURI MASIK

वर्ष २०, अङ्क ४, २०८० पुस, पूर्णाङ्क २२४

निरन्तर २२४ औं अङ्क

माँ कामाख्या मन्दिर

निनाउ गाउँपालिका-३, बसन्तनगर, पाल्पा

ऐतिहासिक मकरमेला
दिव्यधाम शिलान्यास
देवघाट महा-महोत्सव
२०८१
दिव्यधाम शिलान्यास गरौं ।
देवघाट जाऔं
माघ १ गतेदेखि ३० गतेसम्म
माघ महिनामा
देवघाट जाऔं
मकर मेला
सफल पारौं
पूज्य ईश्वरकृष्ण महाराजजी
संकल्पकर्ता
अधिक जानकारी हेतुः ९८५७०३२०३६

साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेड
द्वारा प्रवर्द्धित
STC ग्याँस
तौल पूर्ण, सुरक्षा सम्पूर्ण
- ISI स्टाण्डर्डको भित्र बाहिर रबर कोट भै बीचमा स्टिलको जाली भएको ३ तहको होजपाइप
- उच्च गुणस्तरको रेगुलेटर
- पुनः प्रयोग गर्न न सकिने प्लाष्टिक सिल भएको सिलिण्डर
- कम्प्यूटर प्रविधिबाट चल्ने प्लान्ट, तौलमा सोहै आना ढुक्क हुनुहोस्
गृहिणी
चामल
साल्ट ट्रेडिङ्ग समूहका उत्कृष्ट खाद्य बस्तुहरू

संवित परामर्श मण्डल
आबाल ब्रह्मचारी कविराज देवराज आचार्य
प्रा. शिवगोपाल रिसाल
डा. बिनु बाबा अर्याल
सल्लाहकार
श्रीमती गङ्गा कार्की
श्रीमती माधवी नेपाल
श्रीमती शिवा रिमाल
श्रीमती सीता श्रेष्ठ, खड्का
श्रीमती कमला बस्नेत
श्री नवराज लामिछाने
श्री मोहन चौधरी
प्रकाशक/सम्पादक
अर्जुन लामिछाने (९८५१०५३६०१)
व्यवस्थापक
बिदुरप्रसाद अधिकारी
सहयोगी
बिनीता पाठक
पार्वती सेढाईं
साजसज्जाः
बिपीन सोडारी (९८४९८५६२१०)
मुद्रकः किशोर अफसेट प्रेस

अध्यात्म ज्ञान लिनु र दिनु परम धर्म हो ।

एक प्रतिको रू. ४५/-
वार्षिक सदस्यता शुल्क रू. ५००/-
आजीवन सदस्यता शुल्क रू. ५,०००/-

ग्राहक बनेर गौरीको प्रकाशनमा टेवा पुऱ्याइ पुण्य कमाउनुहोस् ।

यस पत्रिकामा प्रकाशित लेख रचनाहरू लेखकका व्यक्तिगत विचार हुन्- सम्पादक

कार्यालय
भुवनेश्वरीमार्ग, पशुपति, काठमाडौं
फोन नम्बर- ९८०३८८८६६७, ९८०३०९२४१७
इमेलः- gauri_2062@yahoo.com / masikgauri@gmail.com

वितरक
विश्व स्वतन्त्र संचार
नयाँबानेश्वर, काठमाडौं, फोन नं.: ९८५१०३०९७२

कर्णाली प्रदेशः सुर्खेत ९८६८८९२३४७ (चैतेजी)
सुदुर पश्चिम कैलाली ९८४९९०३०३३ (हरिजी)
नेपालगञ्जः ९८४८०९५०५९ (गङ्गादास)
वाग्मति प्रदेश हेटौंडाः ९८४५३००६०५
देवघाटधाम, तनहुँ ९८५१०३०९७२
मधेश प्रदेश बर्दिवासः ९८४९२१६२५५
कोशी प्रदेशः ९८०३०९२४१७ (लेखनाथ)

जि. प्र. का. द. नं. ५२/०६२/०६३

हे गौरि शंकरार्धाङ्गि यथा त्वं शंकरप्रिया ।
तथा मां कुरू कल्याणि कान्तकान्तां सुदुर्लभाम् ॥

वर्ष २०, अङ्क ४, २०८१ पूर्णाङ्क २२४

पुस २०८१

सोमबार	१	८	१५	२२	२९
मङ्गलबार	२	९	१६	२३	गौरी
बुधबार	३	१०	१७	२४	गौरी
बिहिबार	४	११	१८	२५	गौरी
शुक्रबार	५	१२	१९	२६	गौरी
शनिवार	६	१३	२०	२७	गौरी
आइतवार	७	१४	२१	२८	गौरी

गौरीको अनुरोध.....!

यस गौरी मासिकको बार्षिक या आजीवन सदस्यता लिएर पनि पत्रिका नपाउनु भएका पाठकवृन्दहरूले कार्यालयमा सम्पर्क गरी छुटेका पत्रिकाहरू संकलन गर्नुहुन अनुरोध छ । कार्यालयः भुवनेश्वरी मार्ग, पशुपति

सम्पर्कः
९८४१५३३७८७, ९८०३८८८६६७ ९८५१०५३६०१

संक्षिप्त महाभारत

(यस गौरी मासिक पत्रिकाको बीसौं वर्षको तेश्रो अंक २०८१ साल मङ्सिर महिनाको प्रकाशनसँगै अविच्छिन्न स्तम्भ अन्तरगतको संक्षिप्त श्रीमद्‌भागवत्‌महापुराण समाप्त भएको छ । गौरीका पाठकहरूका निम्ति यो स्तम्भ निकै नै रोजाइको स्तम्भ भएको महसुग गरियो । यसै कारणले आगामी दिनमा अविच्छिन्न यस्तै प्रसंग पस्कने जमर्को गरी संक्षिप्त महाभारतलाई यसै स्तम्भ अन्तरगत राख्ने जमर्को गरेका छौं । महाभारतको प्रसंग अत्यन्तै विशाल छ, त्यसैले यहाँ आउने प्रसंगले समग्र महाभारतलाई समेट्न सक्दैन तर जति प्रसंग लिइने छ सोही भित्रका विषय उठान गरिने छ । यसका निम्ति हामीले विद्वान् लेखक केदारनाथ खनालको संक्षिप्त महाभारत पुस्तकलाई आधार ग्रन्थको रूपमा लिएका छौं । सं.)

महाभारत कथाका मुख्य पात्रहरू

महर्षि व्यास- महाभारत काव्यका रचयिता ऋषि पराशर र सत्यवतीका छोरा हुन् । उनलाई कृष्ण द्वैपायन भन्ने गरिन्छ । किनभने उनी काला वर्णका थिए । उनको जन्म एक टापुमा भएको थियो । त्यहाँ कालो मान्छे हुने द्वीपमा जन्मिएकाले कृष्ण द्वैपायन पनि भनिन्छ ।

श्रीकृष्ण- वसुदेव र देवकीका आठौँ सन्तान हुन् । उनले आफ्नो मामा कंश लगायत अरू धेरै दुष्टहरूको संहार गरे । उनै कृष्णले महाभारतको युद्धमा अर्जुनलाई गीताको उपदेश दिएका थिए । श्रीकृष्ण भगवान् विष्णुका आठौं अवतार थिए ।

भीष्म- भीष्मको नाम देवव्रत हो । उनी राजा प्रतीपका पुत्र शान्तनु र गङ्गाका छोरा थिए । उनले आफ्नो पिताको प्रसन्नताका लागि आजीवन विवाह नगरी ब्रह्मचारी रहने प्रतिज्ञा गरेकाले त्यस वेलादेखि उनको नाम भीष्म रहन गयो । उनको प्रतिज्ञालाई भीष्म प्रतिज्ञा भनिन्छ ।

अम्बा- राजा काशीराजकी जेठी छोरी हुन् । यिनै राजकुमारी पुनर्जन्म लिई शिखण्डी भएर महाभारतको युद्धमा भीष्मको मृत्युको कारण बनिन् ।

अम्बिका- विचित्रवीर्यकी पत्नी, अम्बा र अम्बालिकाकी बहिनी, राजा काशीराजकी पुत्री ।

अम्बालिका- विचित्रवीर्यकी पत्नी, अम्बा र अम्बिकाकी बहिनी, राजा काशीराजकी पुत्री ।

धृतराष्ट्र- विचित्रवीर्य र अम्बालिकाको जेठा छोरा । भाइ पाण्डुको मृत्युपश्चात् उनी हस्तिनापुरको राजसिंहासनमा बसेका थिए ।

गान्धारी- गान्धार राजाकी छोरी धृतराष्ट्रकी पत्नी (शकुनिकी दिदी) ।

पाण्डु- विचित्रवीर्य र अम्बालिकाको कान्छा छोरा । उनका दाजु जन्मान्ध भएकाले हस्तिनापुरको राजा भएका थिए ।

कुन्ती- श्रीकृष्णका बाजे शूरसेनकी छोरी पृथा हुन् । कुन्तीभोज (शूरसेनको फूपुको छोरा)ले धर्मपुत्रीको रूपमा पालनपोषण गरेकोले उनको नाम कुन्ती रहन गयो ।

अर्जुन- देवराज इन्द्रका मानस पुत्र, कुन्ती र पाण्डुका पुत्र, विख्यात धनुर्धर जसलाई महाभारतको रणभूमिमा श्रीकृष्णले श्रीमद्‌भगवद्‌गीताको उपदेश दिएका थिए ।

गाण्डीव- अग्निदेवबाट प्राप्त भएको अर्जुनको धनुष

घटोत्कच- भीम र राक्षसी हिडिम्बाका छोरा । महाभारत युद्धमा कर्णद्वारा मारिएका थिए ।

बकासुर- भीमद्वारा वध गरिएको एक असुर ।

पाण्डव- राजा पाण्डुकी २ रानी कुन्ती र माद्रीबाट जन्मेका पाँचभाइ युधिष्ठिर, भीम, अर्जुन, नकुल र सहदेव ।

द्रौपदी- राजा द्रुपदकी पुत्री, यज्ञको अग्निबाट प्रकट भएकी थिइन् । राजा द्रुपदलाई यज्ञसेन भनिने भएकोले यिनलाई याज्ञसेनी पनि भनिन्थ्यो ।

अभिमन्यु- अर्जुन र सुभद्राका वीर पुत्र थिए । यी प्रतिभाशाली योद्धाले महाभारतको लडाइँमा वीरगति प्राप्त गरे ।

द्रोण- हस्तिनापुरका राजकुमारहरूलाई शस्त्र र अस्त्रविद्या सिकाउने ब्राह्मण गुरू थिए । यिनी अश्वत्थामाका पिता पनि हुन् ।

द्रुपद- पाञ्चाल देशका राजा द्रौपदी र धृष्टद्युम्नका पिता हुन् । द्रुपद र द्रोण एउटै गुरूकुलमा पढेका साथी थिए ।

दुर्योधन- धृतराष्ट्र र गान्धारीका १०१ सन्तानमध्ये ज्येष्ठ पुत्र थिए । क्रमशः

सम्पादकीय

पर्यटन प्रवर्धनमा पर्व तथा मेला

नेपालको आर्थिक विकासमा पर्यटन क्षेत्रको महत्वपूर्ण योगदान रहन्छ । पर्यटन व्यवसाय आन्तरिक र वाह्य गरी दुई प्रकारका छन् । नेपालको पर्यटन प्रवर्द्धनमा धार्मिक पर्यटनको महत्वपूर्ण योगदान रहन्छ । किनभने आन्तरिक या वाह्य पर्यटनमा धार्मिक पर्यटकको संख्या उल्लेख्य हुने गर्दछ । धार्मिक पर्यटक विशेष गरी मठमन्दिर जस्ता मूर्त सम्पदाको दर्शन पूजा अवलोकन गर्न र जात्रा, पर्व, मेला लगायतका अमूर्त सम्पदाको अवलोकन गर्ने उद्धेश्यले हुने गर्दछ ।

नेपालमा महिना दिनसम्म चल्ने मेला पर्वहरू पनि छन् । यस्ता मेला पर्वहरूमा कुनै वर्षेपिच्छे त कुनै १२, १२ वर्षमा चल्ने मेला पर्दछन् । साँखुको सालीनदीको स्वस्थानी मेला हरेक वर्ष सञ्चालन हुने मासिक मेला हो भने गोदावरी, पनौतीलगायतका कुम्भमेला प्रत्येक १२ वर्षमा लाग्ने महिना दिनका मेला हुन् । त्यस्तै गरी कीर्तिपुरको मत्स्येनारायण मेला, सल्यानटार (धादिङ)को नरसिंह मेला अधिकमासमा लाग्ने मेला हुन् । पछिल्लो समयमा चतराधाममा ६ वर्षे अर्धकुम्भ र १२ वर्षे पूर्ण कुम्भ मेलाको सञ्चालन हुने गरेको छ भने देवघाटमा पनि महिनाभर कुम्भ तथा मकर मेला सञ्चालन गरिनुपर्ने बहस शुरु भएको छ । त्यसैगरी भक्तपुरको प्रसिद्ध विस्का जात्रा, ललितपुरको रातो मत्छेन्द्रनाथ जात्रा, कीर्तिपुरको बाघभैरव जात्रा, पशुपतिको वत्सलेश्वरी जात्रा, पाल्पाको भैरवनाथ जात्रा, धादिङको गङ्गाजमुना र सल्यानवेसी जात्रा आदि प्रसिद्ध जात्राहरू हुन् ।

नेपालमा खास गरी विदेशी पर्यटकको रूपमा भारतीय तीर्थयात्री वाहेक अन्य देशका पर्यटकलाई धार्मिक क्षेत्रले अपेक्षाकृत रूपमा भित्र्याउन सकेको छैन । भौतिक पूर्वाधारको उचित व्यवस्था नहुनु एवम् यथोचित प्रचारप्रसार गर्न नसकिनुले धार्मिक क्षेत्रले यथेष्ट रूपमा वाह्य पर्यटक भित्र्याउन नसकेको हो । त्यसैले मठ मन्दिर लगायतका मूर्त सम्पदा र जात्रा पर्व मेला लगायतका अमूर्त सम्पदालाई उचित संरक्षण सहित प्रचार प्रसार गरी आन्तरिक र वाह्य पर्यटन प्रवर्द्धन गर्न विशेष पहल गर्नु सरोकारवाला र सरकार स्वयंको पनि दायित्व हो । अस्तु,

यसभित्र

अविच्छिन्न

श्रीमद्भागवत महापुराण २

सम्पादकीय ३

कविता

सद्ज्ञान देवराज उपाध्याय ४

गीताज्ञान

कर्मयोग आचार्य खेमराज केशवशरण ५

आध्यात्मिक वार्ता

अहंकार र सवजज श्रीमहेन्द्रनाथ गुप्त श्री'म' ७

समयसन्दर्भ

सूर्यको महत्व किन ? हरिप्रसाद सोडारी ९

विशेष

पौष महिना र श्रीस्वस्थानी.. गोविन्दचन्द्र सुवेदी १३

समसामयिक

स्वस्थानीः ...... सहप्रा. डा. विनुबाबा अर्याल १६

शिक्षा

किशोर किशोरी.... शारदारमण नेपाल २२

स्मृति

वेदज्ञ डा. स्वामी .... मनोजकुमार ढुङ्गाना २५

यात्रा स्मरण

नीलकण्ठ बाबाधाम हुँदै.... अर्जुन लामिछाने २७

समीक्षा

योगी नरहरिनाथ स्मृतिग्रन्थ राधेश्याम ढकाल ३२

गतिविधि ३४

सद्ज्ञान

– देवराज उपाध्याय

डोरीमा जब सर्प देख्छ जनले त्यो दृश्य अज्ञान हो
फूलैमा रसभाव देख्नु मनले अव्यक्त सज्ञान हो ।
बेग्लै देख्छ भने पदार्थ अणुमा त्यो बोध अज्ञात हो
मोहीमा पनि दूध देख्छ जसले अद्वैत सद्ज्ञान हो ॥१॥

गाग्रीमा परिकल्पना त सरिता नानत्वको ज्ञान हो
खोला गाड नदी समुद्र मिसिदा पूर्णत्व सद्ज्ञान हो ।
केरा स्याउ अनार भित्र गुलियो हेरेर देखिन्न त्यो ।
आफैले रसपान गर्छ जसले आनन्द सद्ज्ञान हो ॥२॥

सानो त्यो निहुमा गरेर झगडा मार्ने र मर्नेहरू
त्यागी ती कटुता सहोदर भए भ्रातृत्व सद्ज्ञान हो ।
सौतेनी व्यवहार गर्छ जननी तेरो र मेरो भनी
अर्काको गुड आफ्नो जहिले मातृत्व सज्ञान हो ॥३॥

ईर्श्या द्वेष र लोभ मोह रिस यी इच्छा र तृष्णाहरू
एकाकार भए विशुद्ध मनमा ब्रह्मत्व सज्ञान हो ।
प्रजा बड्छ यहाँ शरीर मनको सम्बन्ध राम्रो हुँदा
ज्ञाता, ज्ञान र शेय एक हुनु नै एकत्व सज्ञान हो ॥४॥

मैत्री भाव सदा रहोस् हृदयमा सद्भाव बढ्दै गरून्
भोले भाव हुँदै अनन्त मनका बाधा र विघ्नै हटून् ।
आँखामा आँटने समस्त जग यो सापेक्ष र स्थूल हो
यी सद्ज्ञान सबै प्रसारित हुने ऋग्वेद त्यो मूल हो ॥५॥ ❖

–प्राचार्य, श्री वैद्यनाथ वेद विद्याश्रम, अछाम

गीता तृतीय अध्याय

कर्मयोग



–आचार्य खेमराज केशवशरण

अन्नाद्भवन्ति भूतानि पर्जन्यादन्नसम्भवः।
यज्ञाद्भवति पर्जन्यो यज्ञः कर्मसमुद्भवः ।१४।
कर्म ब्रह्मोद्भवं विद्धि ब्रह्माक्षरसमुद्भवम्।
तस्मात्सर्वगतं ब्रह्म नित्यं यज्ञे प्रतिष्ठितम् ।१५।

अन्वयः अन्नाद् भूतानि भवन्ति । पर्जन्यात् अन्नसंभवः यज्ञात् पर्जन्यः भवति यज्ञ कर्मसंयुद्भवः । कर्म ब्रह्मोद्भवं विद्धि, ब्रह्म अक्षरसमुद्भवम् तस्मात् सर्वगतं ब्रह्म नित्यं यज्ञं प्रतिष्ठितम्।

सरलार्थः अन्नबाट प्राणीहरू उत्पन्न हुन्छन् । मेघवर्षित जलबाट अन्नको उत्पत्ति हुन्छ । यज्ञबाट बादल उत्पन्न हुन्छन्, यज्ञ चाहिं कर्मबाट उत्पन्न हुन्छ । १४ वेदबाट कर्मको उद्भव हुन्छ भन्ने बुझ । वेद चाहिं परात्पर अक्षर परब्रह्म परमात्मा वासुदेवबाट उत्पन्न हुन्छन् । त्यसैले सर्वव्यापी परब्रह्म परमात्मा वासुदेव सधैं यज्ञमा प्रतिष्ठित हुनुहुन्छ । १५

भावविशारदाः अन्न शब्दले यहाँ केवल धान, मकै, जौ, गहुँ आदिलाई मात्र बुझाउँदैन । अघते इति अन्नम्। यस व्युत्पत्ति अनुसार प्राणीद्वारा खाइने सबै कुरालाई अन्न शब्दले बुझाउँछ । खाइएका पदार्थहरूबाट प्राणीलाई उत्पन्न गर्ने रज वीर्यको निर्माण हुन्छ । त्यसैले अन्नबाट प्राणीहरू हुन्छन् भनिएको हो । मेघ जलबाट अन्न हुन्छ भन्नुको अर्थ हुन्छ वृष्टि नहुँदा सर्वत्र सुखा पर्दछ । अन्नादि वस्तुहरू उत्पन्न हुन रसिलो जमीन आवश्यक हुन्छ । जमीनमा रसिलोपना नआइकन कुनै कुरा उम्रिदैन । त्यसैले वृष्टिबाट अन्नको उत्पत्ति हुन्छ भनिएको हो ।

यज्ञबाट वृष्टि हुन्छ भन्ने भनाइमा पनि यस्तै तात्पर्यपरक अर्थ लिनु पर्दछ । पहिले भनिसकियो यज्ञ भन्नाले केवल हवनात्मक यज्ञलाई मात्र लिइँदैन । लोक कल्याणको भावनाले गरिने सबै शुभ कर्महरू यज्ञरूप हुन्छन् । लोककल्याणको, भगवत्प्रीतिको शुभ भावनाले गरिने सबै शुभ कर्महरू प्रकृतिलाई प्रसन्न तुल्याउने हुन्छन् । सर्व व्यापक भगवान् वासुदेवप्रति समर्पणभाव राखेर गरिएका शुभकर्महरूबाट प्रकृति प्रसन्न हुन्छिन् । त्यसैले समयमा पानी पर्दछ । मानिसका शुभ कर्महरू नै प्रकृतिलाई रिझाउन सक्ने आधार बनिरहेका हुन्छन् । त्यसैले अमुक ठाउँमा यज्ञयगादि हुँदैनन् तैपनि पानी परिरहेको छ भन्ने तर्क गर्नुहुन्न ।

यज्ञ अनेक रूपबाट हुने भएकोले संसारभरि नै मानवीय शुभ भावनाले विविध रूपमा लोककल्याणका कर्महरू सम्पन्न गरेर यज्ञ गरिएका हुन्छन् र तिनले वृष्टिमा मद्दत पुऱ्याएका हुन्छन् । यज्ञ कर्म समुद्भवः भन्ने अंशले यसैलाई पुष्टि गरिरहेको छ ।

लोककल्याणकारी यज्ञरूप कर्मको विधान मूल स्रोत वेद हुन् । समस्त शुभ कर्महरूको प्रथम निर्देशक भगवान्‌को सनातन वाणी वेद भएको हुनाले 'कर्म ब्रह्मोद्भवं विद्धि' भनिएको हो । ब्रह्म शब्द यहाँ वेदको वाचक हो । त्यो वेदरूप ब्रह्मको उत्पत्ति अविनाशी परब्रह्म परमात्माबाट भएको हो । वैदिक वाङ्मयमा परब्रह्म परमात्माबाटै वेदको आविर्भाव भएको कुरा स्पष्ट उल्लेख गरिएको छ । छान्दोग्य उपनिषद् श्वेताश्वतर उपनिषद् आदिमा यो स्पष्ट उल्लेख भएको पाइन्छ । त्यसैले यज्ञ रूपमा कर्मको सम्बन्ध सदा र सर्वत्र विद्यमान् छ ।

परब्रह्म परमात्माबाट वेद प्रकट भयो । वेदले कर्म निर्देश गऱ्यो । कर्मबाट यज्ञ भयो, यज्ञबाट वृष्टि, वृष्टिबाट अन्न अनि अन्नबाट प्राणीहरू भए । यसरी जीवन दिएर, शरीरादि निर्माण गरिदिएर, मन तथा इन्द्रियहरूको सञ्चालन समेत गरिदिने परम कृपालु सर्वेश्वर भगवान् वासुदेवको प्रत्यक्ष सम्वन्ध त प्राणीसँग छँदैछ, यज्ञ सम्पादनको क्रममा पनि यो परम्पराप्राप्त सम्वन्ध पनि जीवात्माको परमात्मासँग सधैं र सर्वत्र रहेको छ । यसरी निःस्वार्थ मनले शुभ

भावनाले गरिने यज्ञरूप कर्मसँग सर्वव्यापक सर्वेश्वर भगवान् वासुदेवको नित्य सम्बन्ध रहेको कुरा यहाँ बताइएको छ ।

एवं प्रवर्तितं चक्रं नानुवर्तयतीह यः ।
अघायुरिन्द्रियारामो मोघं पार्थ स जीवति ।१६।

अन्वयः हे पार्थ एवं अवर्तितं चक्रं यः इह न अनुवर्तयति, अघासु इन्द्रियारामः सः मोघं जीवति ।

सरलार्थः हे अर्जुन ! यसरी स्वयं जगन्निर्माता भगवान्ले चलाएको जीवन विज्ञानसम्वन्धी यस चक्रलाई जो अनुसरण गर्दैन त्यस्तो इन्द्रियजन्य सुखमा नै सधैं अल्मलिरहने व्यक्तिले आफ्नो सम्पूर्ण आयुलाई पापमय बनाइरहेको हुन्छ र त्यस्तो व्यक्तिले बाँचेको पनि व्यर्थ हुन्छ ।

भावविशारदाः परमात्मादेखि शुरू भएर प्राणीसम्म आइपुगेको परम्पराचक्रको उल्लेख माथि भइसक्यो । अब प्राणीबाट परमात्मासम्मको क्रम यस प्रकार हुन्छ । प्राणी अन्नबाट भए, अन्न वृष्टिबाट भयो, वृष्टि यज्ञबाट भयो, यज्ञ कर्मबाट भयो । कर्मको निर्देश वेदले गरे, वेद परब्रह्म परमात्मा वासुदेवबाट आविर्भाव भए । यसरी तलबाट मास्तिर जाँदा र माथिबाट तलतिर आउँदा जुन एउटा चक्र, एउटा क्रमबद्ध व्यवस्था बन्न गएको छ, त्यसलाई जीवनमा अनुसरण गर्दा मनुष्यको जीवन नियमानुकूल, सृष्टिमर्यादाको अनुगामी, पुण्यभय र सार्थक बन्न जान्छ ।

यज्ञ भावनासँग गाँसिएको जीवन सार्थक र सफल जीवन हुन्छ । त्यस्तै जीवन लोककल्याणकारी पनि हुन्छ किनभने यसै अध्यायको प्रारम्भतिर आइसकेको छ; सृष्टि रचयिता प्रजापतिले मनुष्यजातिको उत्पत्ति गर्दा संगसंगै यज्ञलाई साथ लगाइदिएका छन् र यस यज्ञप्रतिको सद् भावनाले नै तिमीहरू फुल्ने फल्ने छौ भन्ने पनि संभाइदिएका छन् । त्यसैले लोककल्याणको भावनाले निष्कामता साथ शुभकर्महरू, कर्तव्यकर्महरू गर्दै रहेर जीवन बिताउन पाइयो भने ती सबै शुभ कर्महरू यज्ञ बनिरहेका हुन्छन् र यस सृष्टि व्यवस्थापक चक्रको अनुसरण सम्भव हुन्छ । चन्द्र, सूर्य, अग्नि, वरूण, पवन, पृथिवी आदि सहयोगबाट हामीलाई जीवनमा विविध उपयोगी वस्तुहरू प्राप्त हुन्छन् । तिनीहरूप्रति उऋण बन्ने सर्वोत्तम माध्यम यही यज्ञभावना नै हुन्छ । त्यसैले परमात्मा र उहाँका विभूतिहरूप्रति कृतज्ञ नबनी, यज्ञ भावनासँग आबद्ध नभई जिउनु सफल जीवनको लक्षण होइन भन्ने भाव यहाँ संभाइएको छ ।

पुस महिनाका पर्व तथा विदा

१ गते धनु सङ्क्रान्ति
३ गते अन्तर्राष्ट्रिय आप्रवासी दिवस
७ गते रविसप्तमी व्रत
८ गते गोरखकाली पूजा
१० गते क्रिसमस–डे
११ गते सफला एकादशी व्रत
१३ गते शनि प्रदोष व्रत
१५ गते तमु ल्होसार/सोमबारे औंसी/कवि शिरोमणि लेखनाथ जयन्ती
१६ गते तोल ल्होसार
१७ गते नयाँ वर्ष २०२५/टोपी दिवस/पोशाक दिवस
२१ गते गुरू गोबिन्द सिंह जयन्ती
२३ गते भौमाष्टमी व्रत/गोरखकाली पूजा
२४ गते नेपाल ज्योतिष परिषद् स्थापना दिवस
२६ गते पुत्रदा एकादशी व्रत
२७ गते पृथ्वी जयन्ती/राष्ट्रिय एकता दिवस/शनि प्रदोष व्रत
२९ गते श्री स्वस्थानी व्रत कथा प्रारम्भ/माघ स्नान/पूर्णिमा व्रत/राष्ट्रिय भाक्का दिवस ।

केवल इन्द्रियसुखमा हराउनका लागि मनुष्यजीवन होइन । त्यसको लागि अरू तल्ला जुनिहरू छँदैछन् नि ! मनुष्यजीवन त मुक्तिको खुलाद्वार हो । मोक्षको धाम हो । यहाँ त क्षणक्षण र पलपलको सदुपयोग गर्दै सच्चिदानन्दस्वरूप प्रभुलाई प्राप्त गरेर सार्थक र लोककल्याणकारी जीवन पो जिउनु पर्दछ त भन्ने चेतना यहाँ दर्शाइएको छ ।

अब एउटा जिज्ञासा यहाँ के उठ्दछ भने के यो व्यवस्था सामान्य मानवमात्रका लागि बताइएको हो कि विशेष प्रकारका साधकहरूका लागि बताइएको हो ? यस जिज्ञासाको समाधान आउँदा २ श्लोकमा दिइएको छ ।

क्रमशः

(आचार्य खेमराज केशवशरण वि.सं. २०७४ साउन १८ गते स्वर्गारोहण हुनभएको हो । उहाँले लेख्नुभएको र उहाँकै पारिवारिक श्रोतबाट प्राप्त भएको गीताको भावार्थचन्द्रिका हामीले गौरीका प्रकाशनमा निरन्तर प्रकाशित गर्दै आइरहेका छौं ।)

सिंतीको ब्राह्मसमाजमा

–श्री महेन्द्रनाथ गुप्त श्री 'म'

अहङ्कार र सबजज

श्रीरामकृष्ण (सबजजसँग)– अँ, अभिमान र अहङ्कार ज्ञानबाट हुन्छ या अज्ञानबाट ? अहङ्कार तमोगुण हो, अज्ञानबाट पैदा हुन्छ । यसै अहङ्कारको छल छ, यसैले मानिसहरूले ईश्वरलाई देख्नपाउँदैनन् । 'म' हट्यो कि आपत् टऱ्यो । अहङ्कार गर्नु व्यर्थ छ । यो शरीर, यो ऐश्वर्य केही पनि रहनेछैन । कुनै जँड्याहा दुर्गाको मूर्तिलाई हेरिरहेको थियो । प्रतिमाको सजावट देखेर उसले भन्यो !' चाहे जति ठाँटबाँट देखाऊ, एक दिन मानिसहरूले तिमीलाई घिसारेरै गङ्गामा फालिहाल्नेछन् । (सबै हाँस्छन्) यसैले सबैलाई भनिरहेको छु, जज होऊ, वा चाहे जो होऊ, सबै दुई दिनका लागि हो । यसैले अभिमान र अहङ्कारलाई त्याग गर्नुपर्छ ।

"सत्व, रज र तम यी तीनै गुणहरूको स्वभाव अलग–अलग हुन्छ । तमोगुणवालाहरूको लक्षण हो, अहङ्कार, निद्रा, अधिक भोजन, काम, क्रोध आदि । रजोगुणीले धेरै काम समेटेको हुन्छ ।

कपडा सफा–सुकिलो, घर झकी–झकाउ, बैठक खानामा राजा–रानीको तस्बिर, जब ईश्वरको चिन्ता गर्छ, पूजा गर्छ, त्यसबखत रेशमी धोती लगाउँछ, घाँटीमा रूद्राक्षको माला पहिरन्छ, त्यसमा पनि कतै–कतै सुनको दाना पनि रहेको हुन्छ । यदि कोही उसको पूजाघर हेर्न गएको छ भने, ऊसँगै देखाउँदै जान्छ र भन्दै जान्छ, यता आउनुहोस्, अझ अरू हेर्नै बाँकी छ । सफेद पत्थर–सङ्गमर्मर छापेको छ, सोह्र ढोकावाला मण्डप बनेको छ । अनि देखाई–देखाई दान दिन्छ पनि ।

सतोगुणी मनुष्यचाहिँ बहुतै शिष्ट र शान्त हुन्छ, त्यसका कपडा त्यही हुन्छन्, जुन उसले पाउँछ, रोजगार बस पेट भर्नका लागि हुन्छ । कहिल्यै कसैको खुसामद गरेर धन लिँदैन, घरको मर्मत भएको हुँदैन । मान र प्रतिष्ठाका लागि शिरदेखि पाइतालासम्म पसिना बगाउँदैन । ईश्वर–चिन्तन, दान–ध्यान सबै गुप्त भावले गर्छ, मानिसहरूलाई खबर हुँदैन, झुलभित्र बसेर ध्यान गरिरहेको हुन्छ, मानिसहरू ठान्छन्, राति बाबुलाई आँखा लागेनछ क्यारे ! यसैले अबेरसम्म सुतिरहनुभएको छ ।

सतोगुण अन्तिमको सिँढी हो, त्यसपछि छत आउँछ । सतोगुण आएपछि ईश्वरप्राप्तिमा बेर लाग्दैन । अलिकति बढ्नेबित्तिकै ईश्वर भेटिनुहुन्छ । (सबजजसँग) तिमीले भनेका थियौ, सब मानिसहरू बराबर छन्, हेर त अलग–अलग स्वभावका कति थरीका मानिस् छन् ।"

"अरू पनि धेरै थरी दर्जाका छन्, नित्य जीव, भक्त जीव, मुमुक्षु जीव, बद्ध जीव आदि अनेक तरहका मानिस छन् । नारद, शुकदेव आदि नित्य जीव हुन् । जस्तै, मेसिनवाला जहाज । खुद पनि पार हुन्छ अनि ठूला–ठूला जीवहरूलाई हात्तीहरूलाई पनि पार गराउँछ । नित्य जीव जागिरदार जस्ता हुन्, एक ठाउँको शासन गरेर अर्को ठाउँमा शासन गर्न जान्छन् । मुमुक्षु जीव संसार जालबाट मुक्त हुनका लागि व्याकुल भएर ज्यानसम्मको बाजी लगाएर श्रम गर्छन्, यिनमा एउटा–दुईटा जालबाट निक्लन सक्छन्, ती मुक्त जीव हुन् । नित्य जीव एक चलाख माछा जस्तो हो, जो कहिल्यै जालमा पर्दैनन् ।"

"परन्तु जो बद्धजीव छन्, संसारी जीव छन्, उनीहरूलाई होस रहँदैन । उनीहरू जालमा परेका छन्

तर हामी जालमा फसेका छौँ भन्ने ज्ञान छैन । अगाडि भइरहेको भगवतप्रसङ्ग देखेर यिनीहरू त्यहाँबाट उठेर जान्छन् र भन्छन्, "मर्ने बेलामा रामनाम लिउँला, अहिले यति के हतार छ ? अनि मृत्यु शय्यामा परेपछि आफ्नी स्वास्नी या छोरासँग भन्छ, दियोमा यति धेरै बत्ती किन बालेको, एउटा राखेर अरू सबै निभाइदेओ, फगतमा तेल खर्च भइरहेको छ ।" अनि आफ्नी स्वास्नी र केटाकेटीहरू सम्झी-सम्झी रून थाल्छ । भन्छ, "हेर, म मरेँ भने यिनको गति के होला ?" बद्धजीव जसबाट यति कष्ट पाउँछ, त्यही काम फेरि-फेरि गर्छ । जसरी काँडेदार हाँगा चबाउँदा ऊँटको मुखबाट धरधर रगत आउन थाल्छ तैपनि ऊँट काँडेतार चबाउन छाड्दैन । यता छोरा मरेको छ, शोकले विह्वल भइरहेको छ तैपनि हरसाल बच्चाहरूको पैदाइशमा घाटा हुँदैन । छोरीको विवाहमा टाउकोको रौँ सेता भइसके रौँ खुइलिसके तैपनि हरसाल छोराछोरी को सङ्ख्यामा कमी आउन्न । भन्छ, "के गरूँ, भाग्यमा यस्तै रहेछ ।" यदि तीर्थ गर्न गएको छ भने पनि ईश्वरको चिन्तन गर्दैन, न समय नै पाउँछ, समय त स्त्रीको पोकापुन्तरा बोक्दैमा जान्छ, ठाकुर मन्दिरमा गएर आफू दर्शन गर्दैन, बस् छोराछोरीलाई चरणामृत पिलाउँदै र ढोगाउँदैमा व्यस्त रहन्छ । बद्धजीव आफ्नो र आफ्नो परिवारको पेट पाल्नका लागि नै दासत्व गर्छ र झुट, ठगी एवम् खुसामद गरी-गरी धनोपार्जन गर्छ ।"

"जो मानिसहरू ईश्वरको चिन्ता गर्छन्, ईश्वरको ध्यानमा मग्न रहन्छन्, तिनलाई बद्धजीवहरू पागल भन्छन् र चुट्कीमा उडाउने गर्छन् । देख्यौ, मानिसहरू कति थरीका छन् । तिमीले सबैलाई बराबर हुन् भनेर बताएका थियौ, देख्यौ, कति भिन्न-भिन्न प्रकृतिका रहेछन् ? कसैमा शक्ति धेरै हुन्छ, कसैमा कम ।"

"संसारमा फँसेको जीव मृत्युको समय संसारकै कुराहरू मात्र गर्छ । बाहिर माला जपेर गङ्गा नुहाएर र तीर्थ आदि घुमेर के हुन्छ ? संसारको आसक्ति रहँदाखेरि, मृत्युका बखत ती तिनै कुरा देख्छ ।

नजानेर कति-कति बाहियात कुराहरू बोलिरहन्छ । कहिले-कहिले सन्निपातमा जस्तै हलेदो, मसला, जिरा, धनियाँ भनेर कराउन थाल्छ । सुगा जब भला चङ्गा रहन्छ, त्यसबखत मात्र राम, राम भन्छ, बिरालोले गाँजेको बखतमा आफ्नै बोलीमा टेँटेँ गर्छ । गीतामा लेखेको छ, मृत्युको बखत जे सोच्छौ, अर्को जन्ममा त्यही हुनेछौ । राजा भरतले हरिण, हरिण भनेर देह छोडेका थिए, अर्को जन्ममा उनी हरिण नै भए । ईश्वरको चिन्ता गरेर देहत्याग गरेपछि ईश्वरकै प्राप्ति हुन्छ, तब यस संसारमा फेरि आउनुपर्दैन ।"

ब्राह्मभक्त- महाराज ! कसैले अन्य समयमा ईश्वर-चिन्तन गरेको छ तर मृत्युको समयमा गर्न सकेन भने के उसलाई फेरि यस दुःखमय संसारमा आउनुपर्छ ? पहिले त उसले ईश्वर-चिन्तन गरेको थियो ।

श्रीरामकृष्ण- जीव ईश्वर-चिन्तन त गर्छ तर ईश्वरमा उसको विश्वास छैन, यसैले बिर्सिएर फेरि संसारमा फस्न जान्छ । जसरी हात्तीलाई बारम्बार नुहाइदिए पनि हात्तीले फेरि आफ्नो जिउमा धुलोफ्याँक्न थाल्छ । उसै प्रकार मन पनि मतवाला हात्ती हो, परन्तु हात्तीलाई नुहाइदिएर हात्तीसारमा बाँधिराख्यौ भने उसले आफ्नो शरीरमा धुलो छ्याप्न सक्दैन । यदि मृत्युको बखतमा जीव ईश्वर- चिन्तन गर्छ भने उसको मन शुद्ध हुन जान्छ, त्यो मनले फेरि कामिनी-काञ्चनमा फस्ने अवसर पाउँदैन ।"

"ईश्वरमा विश्वास छैन, यसैले यतिविधि कर्महरूको भोग गर्नुपर्छ । मानिसहरू भन्छन्, जब कोही गङ्गा नुहाउन जान्छ, तब उसका शरीरमा रहेका पाप किनाराका रूखमा बस्छन् । जब ऊ गङ्गा नुहाएर आउन पाएको हुँदैन कि ती पाप फेरि उसका काँधमा सवार भइदिन्छन् । (सबै हाँस्छन्)

देहत्यागको बखतमा जसरी ईश्वरको चिन्तन हुनुपर्छ, त्यसका लागि पहिलेदेखि नै उपाय गरिन्छ । त्यो उपाय हो, अभ्यास योग । ईश्वर-चिन्तनको अभ्यास गरेपछि अन्तिममा पनि उहाँकै सम्झना आउनेछ ।"

ब्रह्मभक्त- बडो राम्रो कुरा भयो, असाध्यै मीठा कुराकानी छन् ।

श्रीरामकृष्ण- कस्तो उल्टोपुल्टो शिर-पाउको कुरा गर्न पुगेँछु म तर मेरो भाव के हो, जान्दछौ ?

म यन्त्र हुँ, उहाँ यन्त्री हुनुहुन्छ, म गृह हुँ, उहाँ गृही हुनुहुन्छ, म गाडी हुँ, उहाँ इन्जिनियर हुनुहुन्छ । म रथ हुँ, उहाँ रथी हुनुहुन्छ, जसरी चलाउनुहुन्छ, उसै गरी चल्छु, जस्तो गराउनुहुन्छ, उस्तै नै गर्छु । क्रमशः

अनुवादकः प्रा.डा. शङ्करराज पन्त, मैतीदेवी

स्रोतः श्रीरामकृष्ण वचनामृत

समय सन्दर्भ

सूर्यको महत्व किन ?



■ हरिप्रसाद सोडारी

६० घडीको एक दिन, सात दिनको एक हप्ता, तीस दिनको एक महिना, दुई महिनाको एक ऋतु, ६ वटा ऋतुको एक वर्ष), १२ महिनाको वर्ष हुन्छ[१] भनी पुर्खाले बताए । नवग्रह, तिथि, महिना, वार, संवत्हरूले विज्ञानका नियमअनुसार प्रकृति र जीवनसँग सम्बन्ध राख्दछन् ।

वि. सं. विदेशीबाट आयात गरिरएको संवत् होइन । तात्कालिक विद्वान्ले खगोल, भूगोल, प्रकृति र मानवजीवनलाई संयोजन गरी निर्माण गरेको संवत् हो । वैशाख पहिलो महिना हो । वैशाखलाई मेष महिना भनिन्छ जसको राशि स्वामी मङ्गल हो, जहाँ सूर्य उच्च हुन्छन् । मङ्गललाई सेनापति र सूर्यलाई राजा ग्रह मानिन्छ । राजा र सेनापति प्रबल भएको राष्ट्रले उपनिवेश एवम् अन्यायको मुख देख्नुपर्दैन । गायत्री मन्त्रले सूर्यको उपासना गर्छ, सूर्यलाई ऊर्जा र परमात्माको स्वरूप मानिन्छ । सूर्यले ऋतु, महिना र गते बनाउँछ । पहिलो ऋतु वसन्त एवम् पहिलो महिना वैशाख हुन् जहाँ सूर्य उच्च र मङ्गलले घर बनाएका छन् । प्रकृति हाँस्ने, मन रम्ने, साधना फक्रने हुँदा वैशाख पहिलो महिना हुन पुग्यो । महिनालाई चान्द्रमास (शुक्लप्रतिपदा तिथिदेखि औँशीको अवधि), नाक्षत्रमास(अश्विनीदेखि रेवती नक्षत्रसम्म), सौर्यमास (सूर्यले एक राशिमा भोगेको अवधि) गरी मुख्यतः तीन भागमा विभाजित गरिएका छन् । वैदिक शास्त्रहरूले सूर्य (परमात्मा)लाई सृष्टिको आधार, चेतनाको पूञ्ज, ग्रहको राजा मान्ने हुँदा सौर्यमासको प्रयोग अधिक छ ।

वैज्ञानिकहरूले सूर्य विष्फोट भएर उछिट्टिएका टुक्राहरू चिसिँदै गएर ग्रहहरू बनेको विश्वास गर्दछन् । उनीहरूले नवग्रहको जननी सूर्यलाई ठान्दछन् । सूर्यकै कारण नवग्रह, प्रकृति र जीवको अस्तित्त्व छ । प्राचीन कालदेखि सूर्य र चन्द्रवंश गरी दुई क्षत्रिय राजवंशको शासन चलेको देखिन्छ । सूर्यवंशको श्रीगणेश इक्ष्वाकु र चन्द्रवंशको प्रारम्भ बुधका छोरा पुरूरवाबाट भयो । भगवान् राम सूर्यवंशी र कृष्ण चन्द्रवंशी क्षत्री थिए । नेपालको राष्ट्रिय झण्डासहित यहाँका मन्दिरहरूमा चन्द्र, सूर्य अङ्कित झण्डा छन् । सूर्यको महिमा, महत्त्व, पूजा र उपासना आदिलाई समेटेर सूर्यपुराण, सूर्योपनिषद्लगायतका ग्रन्थहरू निर्माण गरिएका छन् । महर्षि कश्यप एवम् अदितिबाट जन्मेका सूर्यको विवाह विश्वकर्माकी पुत्री संज्ञासँग भयो । उनीहरूबाट वैवश्व मनु, यमराज, यमी जन्मिए । सूर्य र छायाँबाट शनि, सावर्णि मनु, तपतीको जन्म भयो । त्रेतायुगका कपिराज सुग्रीव एवम् द्वापरयुगमा कर्ण पनि सूर्यकै सन्तान भए ।

अरूणो माघमासे तु सूर्य्यो वै फाल्गुने तथा ।
चैत्रमासे तु वेदाङ्गो भानुर्वैशाख एव च ॥
ज्येष्ठमासे तपेदिन्द्र आषाढे तपते रविः ।

गभस्तिः श्रावणे मासे यमो भाद्रपदे तथा ॥
सुवर्णरेताश्वयुजि कार्तिके च दिवाकरः ।
इत्येते द्वादशादित्या मासनामान्यनुक्रमात् ॥

–ज्योति सारः शिरोमणिः (संवत्सरप्रकरणम्)

अर्थात्, "माघमा उदाउने सूर्यको अरूण, फाल्गुनका सूर्य, चैत्रका वेदाङ्ग, वैशाखका भानु, जेष्ठका इन्द्र, असारका रवि, श्रावणका गभस्ति, भदौका यम, असोजका सुवर्णरेता, कार्तिकका दिवाकर, मङ्सिरका मित्र र पुषमा विष्णु नामका सूर्य उदय हुन्छन् ।" महिनाअनुसार सूर्यको नाम, उदाउने र अस्ताउने समय, तापको मात्रा फरक भएकाले बाह्र महिना भए । सूर्यको अर्थ परमात्मा पनि हुनेहुनाले पृथ्वी आदि लोकका पालनकर्ताका रूपमा[२] पूजा गरिन्छ । सौर्यसम्प्रदायको[३] वैभव शैवसम्प्रदायमा परेको हुनाले मकवानपुर जिल्लाको पाण्डुकेश्वर शिवलिङ्गकै आडमा सौर्यशिवलिङ्ग छ ।

सूर्यलाई आयुर्वेदले उपचारको रूपमा, ज्योतिषले ग्रहहरूका राजा, योगले साधनालाई फलीभूत बनाउन सहयोग गर्ने देवता एवम् भक्तहरूले पाञ्चायन देवतामध्येका एक देवता मान्दछन् । साधकहरूले त्राटक नामक योगबाट सूर्यको उपस्थितिमा ब्रह्माण्डको जानकारी प्राप्त गर्दछन् । सप्तमी तिथि एवम् आइतबारको उदाउँदो सूर्यलाई ७/१२ अञ्जुली पानी चढाउँदा छालाका रोग, सपनाको समस्या, हड्डीको दुःखाई आदि निको हुन्छन् । बिहानको घामबाट भिटामिन 'डी' प्राप्त हुन्छ । ऋग्वेद (८।७२।१७)ले उदाउँदै गरेको सूर्यमा सोम हुनाले रोग निको हुने बताएको छ । सूर्यका बाह्र नामको जप र पूजाले विभिन्न समस्याबाट मुक्ति पाइन्छ ।

आदित्यः प्रथमं नाम द्वितीयं तु दिवाकरः ।
तृतीयं भास्करः प्रोक्तं चतुर्थं च प्रभाकरः ॥
पञ्चमं च सहस्रांशुः षष्ठं चैव त्रिलोचनः ।
सप्तमं हरिदश्वश्च अष्टमं च विभावसुः ॥
नवमं दिनकृत् प्रोक्तं दशमं द्वादशात्मकः ।
एकादशं त्रयीमूर्तिर्द्वादशं सूर्य एव च ॥
द्वादशैतानि नामानि प्रातःकाले पठेन्नरः ।
दुस्वप्ननाशनं सद्यः सर्वसिद्धि प्रजायते ॥

सूर्यले राक्षस, पिसाच आदि तामसी शक्तिको उपद्र र प्रकोपबाट रक्षा गर्दछन्[४] । सूर्यकै वरिपरि घुम्दै ग्रहहरूले ताप र प्रकाश प्राप्त गर्दछन् । वैशाख पूर्णिमाका दिन विशाखा नक्षत्रमा पर्ने हुनाले विशाखाको अपभ्रंशबाट वैशाख भएको हो । सूर्यका भानु, दिवाकर, दिनानाथ, आदित्य, आइतलगायतका अनेकौँ नाम छन् । हप्ताको पहिलो दिन सूर्यकै नामबाट आइतबार शुरू हुन्छ । मत्स्यपुराण (१२५।४६-४७)का अनुसार सूर्यका रथमा गायत्री, त्रिष्टुप्, जतगी, अनुष्टुप्, पङ्क्ति, बृहती र उष्णिक् नामका सात घोडाहरू छन्, यी वेदका छन्द पनि हुन् । वेदका छन्दलाई रथ बनाउने सामर्थ्य परमात्माबाहेक अरूमा हुन सक्दैन । प्रिज्मको प्रयोग गरी सूर्यका सात किरणहरूलाई हेर्न सकिन्छ । वेद, उपनिषद्लगायतका शास्त्र र ग्रन्थहरूले संवत्सर, अयन, महिना, बार, तिथि, पक्ष, नवग्रहको व्यावहारिक र धार्मिक प्रयोग बताएका छन् । समयको सूक्ष्म एकाईअन्तर्गत पला, विपला, निमेष एवम् ठूलो एकाईमा वर्ष, युग आदि छन् ।

नेपालमा घण्टा र मिनेटभन्दा पहिले घडी र पलाको प्रयोग व्यापक थियो । तामाको भाँडामा घडा राखेर डुबेपछि एक घडी बितेको मानिन्थ्यो । २ घडी ३० पलाको एक घण्टा हुन्छ । कुनै पनि वस्तुको छायाँको लम्बाईबाट समयको जानकारी लिने विधि अहिले लोपोन्मुख भएको छ । मोबाइल र घडी आउनुपूर्व आर्यावर्तमा समय मापन सूर्यको आधारमा हुन्थ्यो । विक्रम संवत् पूर्णरूपमा सौर्यमासमा आधारित भए पनि अन्य माससँग यसले नजिकको सम्बन्ध राख्दछ । भविष्यपुराणमा भनिएको छ–

यः सूर्यं पूजयेन्नित्यं प्रणमेद् वापि भक्तितः ।
तस्य योगं च मोक्षं च ब्रध्नस्तुष्टः प्रयच्छति ॥

अर्थात्, "जसले नित्यरूपमा भक्तिपूर्वक सूर्यलाई पूजा र नमस्कार गर्ला त्यसलाई प्रसन्न भएका सूर्यले योग र मोक्ष प्रदान गर्दछन् ।" सूर्यलाई शक्तिको केन्द्र, प्रकाशको स्रोत, मुक्तिको मार्ग मानिन्छ । घाम नलागेको दिन पाचनशक्ति कमजोर हुन्छ । जहाँ सूर्य लाग्दैन त्यहाँ जीव र जीवनको अस्तित्व सङ्कटमा पर्छ । जस्तै उत्तरी र दक्षिणी ध्रुवमा सूर्यका किरण नपुग्नाले मानिसहरूको बसोबास छैन । श्रीकृष्णले ज्योतिमा आफूलाई सूर्य[५] बताएका छन् । सूर्यलाई अग्नि रूप मानिन्छ । अग्रे नीयते येन स अग्निः अर्थात्, जसले अगाडि (मोक्ष, सत्कार्यतर्फ) लैजान्छ त्यसलाई अग्नि भनिन्छ । अग्निका तीन काम हुन्छन्–

ताप(तताउने), पाक(पकाउने) र प्रकाश (उज्यालो दिने) । वैज्ञानिकहरूले कृष्णछिद्र (Blackhole) र सूर्यबाट ॐको आवाज निरन्तर आउने बताएका छन् । सम्पूर्ण लोकका अग्नि बिहान सूर्यमा प्रवेश गर्दछन् र रात्रि सूर्य स्वयं अग्निमा बस्दछन् भन्ने शास्त्रीय मान्यता छ । यहीकारण प्रातःकालमा होम, यज्ञका कार्य गरिन्छ रात्रिमा गरिँदैन । सूर्याष्टक स्तोत्रमा भनिएको छ–

आदिदेवं नमस्तुभ्यं प्रसीद मम भास्कर ।
दिवाकर नमस्तुभ्यं प्रभाकर नमोऽस्तुते ।
आदित्यं जगतां नाथं ज्ञानविज्ञानं मोक्षदम् ।
महापापहरं देवं तं सूर्यं प्रणमाम्यहम् ॥

अर्थात्, "हे आदिदेव ! तपाईंलाई नमस्कार छ, हे भास्कर ! मदेखि खुशी हुनुहोस्, तपाईं दिवाकर एवम् प्रभाकरलाई नमस्कार छ । तपाईं ज्ञान, विज्ञान र मोक्षका दाता हुनुहुन्छ । हे सूर्य ! तपाईंले सबै पाप हरण गर्नुहुन्छ, त्यसैले तपाईंलाई नमस्कार गर्दछु ।"

भविष्यपुराणका अनुसार श्रीकृष्ण र जाम्बवतीका सुपुत्र साम्बलाई सन्मार्गमा ल्याउन अनेक प्रयत्न गर्दा समेत स्त्रीलम्पट हुन पुगे । साम्बको खराब आदतमा परिवर्तन नआएपछि श्रीकृष्णले उनलाई कुष्ठ रोगी हुने श्राप दिए । नारदमुनिले बताएको विधानअनुसार साम्बले सूर्यको पूजा, उपासना गरी कुष्ठ रोगबाट मुक्ति पाए । धौम्य ऋषिले बताएको विधिअनुसार युधिष्ठिरले सूर्यका एक सय आठ नामका जप गरेकै कारण बाह्र वर्षसम्म वनबासमा खानाको अभाव नहुने तामाको अक्षय पात्र (भाँडा) पाए ।[६] सूर्यपुराणमा सूर्यलाई परमात्मा, सृष्टिका संरक्षक, प्रकाशदाता, सम्पूर्ण देवताका प्रतिमूर्ति बताएको छ । महादेवको दायाँ आँखा सूर्य, चन्द्रमालाई बायाँ, अग्निलाई तेस्रो नेत्र मानिन्छ । ज्ञान र उज्यालोको प्रतीक मानिने हुँदा आर्यावर्तका विभिन्न स्थानमा सूर्यको मन्दिर छन् । सूर्यका मूर्तिमा अथाहा शक्ति सञ्चार भइरहने हुँदा मन्दिरभित्र राखिँदैन । पहिले उत्पत्ति भएकाले सूर्यलाई आदिदेव भनिन्छ । सूर्यलाई पूज्नेहरूमा आत्मबल प्रबल हुन्छ र उनीहरू दुःख, चिन्ता र रोगबाट मुक्त हुन्छन् ।

उदयं ब्रह्मरूपेण मध्याह्ने च महेश्वरम् ।
अस्तमाने स्वयं विष्णु त्रिमूर्ति च दिवाकरम् ॥

अर्थात्, "उदय अवस्थामा सूर्यको ब्रह्मरूप, मध्यान्हमा महेश्वर र अस्ताउने बेलामा विष्णुरूप मानिन्छ ।" सूर्यलाई तीन देवताको प्रतीक मानिन्छ ।

सम्पूर्ण स्थावर र जङ्गमका आत्मा नै सूर्य हुन् ।[७] आत्मा भनेकै चेतन हो, चेतन भनेकै सूर्य हो । वेदले प्राणः प्रजानामुदयत्येष सूर्यः सबै प्राणीहरूको प्राण नै सूर्य हुन् भनेको छ । सूर्यबाट निस्कने किरणलाई गो (गाई) भनिन्छ जसले हृदयघात, दुबीलगायतका रोग निवारण[८] गर्छ । आँखाको तेज बढाउँछ । उदाउँदो सूर्यको दर्शन र इन्द्रेणीलाई हेर्दा आँखाका रोगहरू निको हुन्छ । आदित्यं च शिवं विद्याच्छिवमादित्यरुपिणम् । उभयोरन्तरं नास्ति ह्यादित्यस्य शिवस्य च अर्थात्, "सूर्यलाई शिव र शिवलाई सूर्यको रूपमा जान्नु । यी दुईमा कुनै अन्तर छैन ।"

ज्योतिषशास्त्रले जन्मकुण्डलीमा सूर्य निच (तुलाराशिमा) भए वा ६, ८, १२ स्थानमा शत्रुग्रहसँग बसेमा आत्मा कमजोर, हड्डी र दाहिने आँखाको समस्या हुन्छ तर सूर्य उच्च, केन्द्र वा त्रिकोणमा बसे नेतृत्वकर्ता, साहसी हुने बताउँछ । सूर्यलाई ऊर्जा, आत्मा, आरोग्य, जन्मको प्रयोजन बताउने ग्रह मानिन्छ ।

सूर्य शान्तिका लागि हरेक दिन उदाउँदो सूर्यलाई सूर्यनारायणाय नमः अर्थात्, सूर्यनारायणलाई नमस्कार भनी रातो फूलसहित तामाको भाँडाद्वारा जल (पानी)

चढाइन्छ । सूर्यसँग नारायण शब्द जोडिएकाले सूर्यलाई विष्णु वा प्राणीका पालनकर्ताका रूपमा लिइन्छ । सूर्यले सबै प्राणीको रक्षाका लागि अन्न प्रदान गर्नुहुन्छ ।९ पानीलाई वाफ बनाई पुनः बर्षाउने, प्राणीले नखाएका बिउबीजनलाई साररूपमा तानेर वर्षायाम वा अनुकूल अवस्था पारेर पृथ्वीमा फर्काइदिने काम सूर्यको हो ।

सूर्य देवता, विश्वामित्र ऋषि र गायत्रीदेवीको स्मरण गरी विधिपूर्वक बसी सूर्यलाई हेरेर गायत्रीमन्त्रको जप गर्नाले अटल सौभाग्य, पुत्र लाभ, ऐश्वर्य आदि प्राप्त हुन्छ भन्ने प्रमाण सत्यवान् र सावित्रीको कथाले पुष्टि गर्दछ । गायत्रीमन्त्रलाई सावित्री पनि भनिन्छ । सावित्रीको विवाह सत्यवान्सँग भएको थियो । सत्यवान् भनेको जीवात्मा हो । यमराजले सत्यवान्लाई लिएर जान्छ अर्थात् मायाले आत्मालाई ढाकेको छ । सावित्रीले पतिको पिछा गर्छिन् र यमराजबाट छुटाउँछिन् अर्थात् गायत्रीको अविरल साधनाबाट मायाको आवरण (अविद्या)को नाश हुन्छ र सत्यवान् फर्कन्छ वा परमात्माको साक्षात्कार हुन्छ भन्ने प्रतीकात्मक रहस्य हो । सूर्यलाई हेरेर मन्त्र, तन्त्र साधना गर्दा छिटो सिद्धि हुन्छ । लिङ्गपुराणमा भनिएको छ–

आदित्यमूलमखिलं त्रैलोक्यं नात्र संशयः ।
सर्वात्मा सर्वालोकेशो महादेवः प्रजापतिः ।
सूर्य एव त्रिलोकेशो मूलं परमदैवतम् ।
ततः संजायते सर्वं तत्रैव प्रविलीयते ॥

अर्थात्, "सूर्य नै चराचरजगत्को कारण, सबैका मालिक हुनुहुन्छ, महादेव र प्रजापति (ब्रह्मा) उहाँकै रूप हो । सूर्य तीन लोकका मालिक हुनुहुन्छ । सबैको उत्पत्ति र लीन उहाँमा हुन्छ ।" हिन्दूइतरका धर्मावलम्बीहरूले सूर्यलाई कुनै न कुनै रूपमा पूजा गर्दछन् । घरमा शान्ति होस्, व्यापार व्यवसाय राम्रो होस् भनेर तामाको सूर्य बनाई पूर्वतर्फको ढोकामा झुण्ड्याउँछन् । बच्चा जन्मिएको ११ औँ दिनमा सूर्यको दर्शन गराइन्छ । नेवारी परम्परामा गुफा राखेर निकाल्दा सूर्यलाई परमात्माका रूपमा दर्शन गर्ने चलन छ । श्रीकृष्णले मध्यान्हको समयमा स्नान गरेर श्वेत वस्त्र धारण गरी हात जोडेर सूर्यको उपासना गरेका थिए[१०] । समुद्रबाट पानी लिएर अन्नबालीलाई दिने, बिउलाई उमार्ने र बाली पकाउने, वनस्पतिलाई समय आएपछि पलाउने काम सूर्यले नै गर्छन् । सजिलै दर्शन गर्न सकिने सबैका कर्ता, भर्ता र हर्ता भएकाले सूर्य परमात्मा हुन् । उनैले दिन, रात, हप्ता, ऋतु, अयन बनाई प्राणीहरूमा तेजरूपले आँखामा बसेका छन् । उनैको बाह्र नामबाट महिना जन्मिए । सूर्यको पवित्र नाम ११ वा १३ नभएर बाह्रवटा भएकाले महिना पनि १२ भए । ❖

१ द्वादशारंनहितज्जरायवर्वतर्तिचक्रंपरिद्यामृतस्य ...... ॥
– ऋग्वेद (१।१६४।११–१२)

२ दिव्यो गन्धर्वो भुवनस्य यस्पतिरेक एव नमस्यो विक्ष्वीडयः ।–अथर्ववेद

३ शाक्ताः शैवा वैष्णवाश्च सौरगणपतास्तथा ।–महानिर्वाणतन्त्र (१।१४०)

४ उत् सूर्यो दिव एति पुरो रक्षांसि निजूर्वन् ।
आदित्यः पर्वतेभ्यो विश्वदृष्टो अदृष्टहा ॥ –अथर्ववेद

५ आदित्यानामहं विष्णुर्ज्योतिषां रविरंशुमान् । –गीता (१०।२१)

६. अहमन्नं प्रदास्यामि सप्त पञ्च त ते समाः ॥
–महाभारत, (वनपर्व, अरण्यपर्व ३।७१)

७. सूर्य आत्मा जगस्तस्थुषश्च ।–शुक्लयजुर्वेद (७।४२)

८. उद्यन्नद्य मित्रमह आरोहन्नुत्तरां दिवम् ।
हृद्रोगं मम सूर्य हरिमाणं च नाशय ॥–ऋग्वेद (१।५०।११)

९. एवं भानुमयं ह्यन्नं भूतानां प्राणधारणम् ।
–महाभारत, (वनपर्व, अरण्यपर्व ३।२८)

१० तदा मध्याह्नसमये देवदेवः स्वयं हरिः ।
स्नातः शुक्लाम्बरो भानुमुपतिष्ठन् कृताञ्जलि ॥
–कुर्मपुराण, (पूर्वभाग२६।४६)

–खोप्लाङ, गोरखा

हार्दिक शुभकामना

विश्व हिन्दु एकता परिषद्को २९ औं वर्ष प्रवेशको उपलक्ष्यमा महात्मा स्वामी विनोद क्षत्रीज्यूले प्रदान गर्नुभएको सप्त उपदेश सत्य धर्म, प्रेम, अहिंसा, शान्ति स्वावलम्वन तथा आदरवाद सबैले अनुशरण गरौं ।

श्री ५ वडामहाराजधिराज पृथ्वीनारायण शाहको ३०३ औं जयन्ति एवम् राष्ट्रिय एकता दिवशका अवसरमा हार्दिक शुभकामना अर्पण गर्दछु ।

श्री १००८ महामण्डलेश्वर विनोदानन्द गिरि महाराज
संरक्षक एवम् संस्थापक अध्यक्ष
विश्व हिन्दु एकता परिषद्
पक्नाजोल, काठमाडौं

पौष महिना र श्रीस्वस्थानी व्रत सन्दर्भ

■ गोविन्दचन्द्र सुवेदी

सौर्यमास अन्तर्गतको विक्रम संवतको नवौं महिनाको नाम हो पौष । चान्द्रमास अन्तर्गत चाहीं कृष्ण र शुक्ल गरी दुई पक्षको मास हुन्छ । चान्द्रमासान्तर्गतको पौष शुक्ल पूर्णिमाका दिनको पुष्य नक्षत्र भोगका आधारमा यस महिनाको नाम पौष राखिएको हो । साधारणतया बोली चालीको भाषामा यसलाई पुष महिना भन्दछन् ।

जसलाई राशीका हिसावले धनुर्मास पनि भन्दछन् । यस महिना (राशि) का स्वामी बृहस्पति हुन् । बर्षका अन्य ११ महिनाको तुलनामा यो महिना सबैभन्दा छोटो र जाडो हुने हुन्छ । पानी भित्रको माछालाई समेत जाडो हुने ५० दिनलाई मिन पचास भनिन्छ । त्यस ५० दिन मध्येको ३० दिन यसै महिनामा पर्दछ । अरू २० दिनमा १० दिन मङ्सिरमा र १० दिन माघ महिनामा पर्दछ । यो महिनामा सूर्यको ताप कम पर्ने हुनाले यस महिनामा हरेक आइतबार सूर्यको पूजा, व्रत र उपासना गर्ने गरिन्छ । यस महिनामा विष्णु सूर्यसँगै मलीन भई बस्नु हुने हुँदा सूर्यको नाम विष्णु हुने भएकोले सूर्यलाई सूर्यनारायण पनि भनिएको हो । यस महिनालाई धनुर्मास भन्नुको अर्थ यस महिनाको सङ्क्रान्तिका दिन सूर्य उदाएर १ धनु माथी पुग्नु पूर्व नै खिचडी (मासको दाल र चामल मिसाएर पकाएको) भोजन गरी सक्नु पर्ने भएकोले हो । यस सङ्क्रान्तिका दिन वा नसके पौष महिना भरमा कम्तिमा एक दिन बिहान सूर्य उदाएर १ धनुष माथी नपुग्दै खिचडी खानु भन्ने शास्त्रोक्ति रहेको छ ।

पौष महिना सबैभन्दा छोटो महिना भएकोले पुष फासफूस पनि भन्दछन् । यस महिनामा कुनै पनि मांगलिक विवाह, व्रतबन्ध, सप्ताह, यज्ञ, यज्ञादि कार्यहरू गरिंदैन । बिहेबारी वा घर जग्गा खरिद बिक्रीका कुरा र दूरगामी असर गर्ने कुराको निर्णय लिने काम पनि गरिंदैन । चर्मरोग निवारण र सितलताका लागि आइतबार सूर्यको पूजा, व्रत र उपासना गरी नून नखाई कन्दमूल र फलफूल मात्र खाएर बस्ने गर्दछन् । भगवान् दत्तात्रयको उत्पत्ति भएको मानेर पुषको बुधबार दत्तात्रयको दर्शन र पूजा गर्ने गर्दछन् । प्राचीन कालमा मार्गशुक्ल पूर्णिमा पुष महिनाको बुधबार परेका कारणले पुषको बुधबार दत्तात्रयको पूजा र दर्शन गर्ने चलन चलेको हो ।

चान्द्रमासका हिसावले पूर्णिमा तिथि महिनाको आखिरी दिन हुन्छ । यस पूर्णिमाका दिन काठमाडौंको साँखु सालिनदीमा र भक्तपुरको हनुमानघाट साथै चितवनको देवघाट, सुनसरीको बराह क्षेत्र लगायत देशका विभिन्न तलाउ र नदीकिनारका तीर्थहरूमा स्नानगरी एक महिने स्वस्थानी व्रतको आरम्भ गर्ने गर्दछन् । माता बज्रयोगिनीको १२ महिनामा छुट्टाछुट्टै १२ वटा अर्थात् हरेक महिनाको अलग अलग नाम छन् । यस दिन हात गोडाका नङ काटी, शुद्ध भई एक चित्तगरी माघ महिनाभर नित्य गङ्गास्नान गरी श्रीस्वस्थानी माताको व्रत बसेर माधव नारायणको पूजा गर्नेहरूले यस पूर्णिमादेखि नै व्रत आरम्भ गर्नु पर्ने शास्त्रीय मान्यता रहिआएको छ ।

साँखु (शंखरापुर) नगर

काठमाडौंबाट करिव १७ किलोमिटर पूर्वोत्तर दिशामा अवस्थित साँखु (प्राचीन साकेतु, लावण्य देश) समुद्र सतहबाट करिव १३२८ मिटरको उचाईमा छ । यस शहरलाई शंखरापुर पनि भन्दछन् । मणिशैल महादान नामक ग्रन्थमा उल्लेख भएअनुसार बज्रयोगिनीको आदेशमा उनका पुजारी जोगदेव बज्राचार्यले वि.सं. १२४३ (कलि सम्वत् १८०१)मा बज्रयोगिनी देवीको निर्देशन अनुसार शंखको आकारमा निर्माण गरिएको यस शहरको नाम शांकेतु नगर राखेर शंकरदेवलाई यहाँको राजा बनाइयो ।

यस शहरको निर्माण गर्दा बज्रयोगिनी माताको निर्देशन अनुसार ८ टोल, उनका ८ जना बहिनी(अष्ट मातृकागण), ९ बिहार, ९ कुण्डल, ९ नाग, १२ तीर्थ र ३२ लक्षणयुक्त ४ टोलमा देवीका पाहुनाघर समेत निर्माण गरी बीचमा राजधानी बनाएका थिए । भक्तपुर शहरको ढाँचामा शंखको आकारमा निर्माण गरिएकोले यसको नाम शुरूमा शांकेतु

राखिएतापनि राजा शंकरदेवको नामबाट यसलाई शंखरापुर भन्न थालियो। कालान्तरमा शंखरापुरबाट पनि अपभ्रंश हुदै शंखु र पछी त्यसैबाट साँखु भन्न थालियो । यस साँखु शहरको उत्तरतिरबाट दक्षिणतर्फ शालीनदी बग्दछिन् । मणिशैल पर्वत (मणिचूड)को शिरोभागमा रहेको मणिचूड कुण्डबाट पूर्वतर्फ झरेर नारायणेश्वर, लप्सीफेदी हुँदै शालिन भई बगेकीले यिनलाई शालीन नदी वा शालीनदी भन्ने गरिन्छ ।



साँखु बजार पूर्व यस नदीको किनारमा भगवान् माधव नारायणको कलात्मक अनुपम मन्दिर छ । यहाँबाट करिव २ किलोमिटर उत्तरको मध्य पहाडमा माता बज्रयोगिनीको मन्दिर छ । बज्रयोगिनीलाई उग्रतारा, आदिश्वरी, जगदम्बा, गिरीराज कुमारी आदि नामले पनि पुकारिन्छ । यी बज्रयोगिनीका बर्षका १२ महिनामा छुट्टा छुट्टै नामहरू छन् । ती मध्ये माघ महिनामा उनको नाम स्वस्थानी हो भने विष्णु भगवान्को नाम पनि यस महिनामा माधव हुन्छ । त्यस्तै सूर्यको नाम अरूण हुन्छ । यसैले भक्तजनहरू यस माघ महिनामा ब्रह्ममूहुर्तमा शालीनदीमा स्नान गरी अरूणोदय (उदाउन लागेको सूर्य)लाई नमस्कार वन्दना गरी जलार्घ दिएर माधव नारायणको पूजा गरी श्रीस्वस्थानी माताको व्रत बस्ने गर्दछन् । चैत्र शुक्ल पूर्णिमादेखि अष्टमीका दिनसम्म नवदुर्गा भवानीको (चैत्र महिनामा बज्रयोगिनीको नाम नवदुर्गा हुने भएकोले) जात्रा गरी साँखु नगर परिक्रमा गराउने परम्परा रहिआएको छ । यसरी देवीको निर्देशन बमोजिम सबै लक्षण मिलाई रूप लावण्ययुक्त नगर निर्माण भएकोले यस शहरलाई लावण्य देश पनि भनिन्थ्यो । साँखु नगरका चारतिर चारवटा ढोकाहरू छन्, जसका नाम, काम र विशेषताहरू पनि भिन्दा भिन्दै छन् ।

श्रीस्वस्थानी माता बज्रयोगिनीकै नाम र रूप हो । माताका बाह्र महिनाका नामहरू यस प्रकार रहेका छन्– बैशाखमा यशोधरा, जेठमा पद्मावती, असारमा कमला, साउनमा तारा, भदौमा वसुन्धरा, असोजमा बिजय बाहिनी, कार्तिकमा महालक्ष्मी, मंसिरमा राधिका, पुषमा शैलजा, माघमा स्वस्थानी, फागुनमा प्रजापारमिता र चैतमा नवदुर्गा। यसरी माघ महिनाकी अधिष्ठात्री माता स्वस्थानीको व्रत बस्नेले पौष शुक्ल पूर्णिमाका दिनदेखि हात गोडाका नङ काटी, शुद्ध भई हरेक दिन माघ शुक्ल पूर्णिमाका दिनसम्म बिहान सबेरै ब्रह्ममूहुर्त (बिहान सबेरै तारा बिलाएको तर उज्यालो भै नसकेको समय)मा उठेर नदी, कुवा, ईनार वा जलाशयमा गई स्नान गरी अर्धोदीत (आधा उदाएका) सूर्यलाई नमस्कार वन्दना गरी त्यहींको जलको अंजुलीले अर्घ दिएर घर आएर आफ्नो नित्य पूजादि कर्म गरेर श्रीस्वस्थानी मातालाई सम्झेर उनको पूजा गरी व्रत बस्ने गर्दछन् । बेलुकी घर घरमा स्वस्थानी माताको व्रत कथा भन्ने र सुन्ने पनि गरिन्छ ।

श्रीस्वस्थानी व्रतको पौराणिकता:

स्कन्दपुराण, केदारखण्डको माघमहात्म्यका अनुसार– अघि हिमालय र मेनकाकी पुत्री उमाले सानै उमेरदेखि श्रीमहादेव स्वामी पाऊँ भनी भज्दै र पुज्दै गरेकोमा उनका पिता हिमालयले विष्णुसँग बिबाह गरी दिनलाग्दा साथीहरूको मद्दतले भागेर नदी किनारको छेउको जङ्गलमा लुकेर श्रीमहादेवको बालुवाको शिवलिङ्ग बनाई निर्जला निराहार बसी श्रीमहादेवको ध्यान गर्न लागिन् । उनले १६ बर्षसम्म धुँवा मात्र पिएर र ६४ बर्ष सुकेका पातहरूमात्र खाएर शिवजीको ध्यान गरिन् । भाद्र शुक्ल

तृतीयाको त्यस दिन हस्ता नक्षत्र परेको थियो । उमाको कठोर व्रतले गर्दा शिवजी त्यहाँ आउनु भयो र किन आराधना गर्यौ ? भनी सोध्नु हुँदा उमाले सबै वृत्तान्त बताउँदै आफू शिवजीसँग मात्र बिहे गर्ने र शिवजीलाई पाउन व्रत बसेर आराधना गरेकी हुँ भन्दै श्रीमहादेव बाहेक अरूसँग बिहे गर्नुपरेमा प्राण त्याग गर्ने बताइन् । शिवजी तथास्तु भनी अन्तर्ध्यान हुनुभयो ।

हिमवत्खण्डको ३/५९/३९ का अनुसार उता बिहेको दिन यसरी छोरी बेपत्ता भएकीले विष्णुलाई त्यत्तिकै बिदा गर्नु परेको पीडाले छट्पटाएका हिमालयले धेरै ठाउँमा छोरीको खोजी गर्दा पनि पाउन सकेनन् । यसरी निराश भएका हिमालयको घरमा धेरै बर्षपछि शिवजीको वरदान पाएर उमा टुप्लुक्क आइन् । यसरी घर आएकी छोरीलाई देखेपछि हिमालयले यस प्रकारले सोधे –

हा पुत्री ! क्व गतासि त्वं परित्यज्य स्वमातरम् ।
हृता केनाऽप्यरेण्ये त्वं हा पुत्रि ! कुलभूषणे ॥

अर्थात्- हे छोरी ! आफ्नी प्यारी आमालाई छाडेर तिमी कहाँ गएकी थियौ ? तिमीलाई कसैले बनमा लगेर मार्यो की ! भन्ने चिन्ता थियो, हे मेरो वंशकी गहनाजस्ती छोरी ! तिमी कहाँ गएकी थियौ ?

बाबुका यस्ता प्रश्न सुनेपछि उमाले यथार्थ कुरा बताउँदै श्रीमहादेव बाहेक कसैसँग बिहे गरिदिए आत्महत्या गरी मर्नेछु भनिन् । तव हिमालयले तिम्रो इच्छा बमोजिम नै गरिदिनेछु भनी आश्वासन दिए र बैशाख शुक्ल तृतीयाका दिनको शुभ लग्नमा मर्त्यमण्डल नेपालको कोटेश्वरमा शिवजीसँग उमाको बिहे गरी दिए ।

त्यस्तै स्वस्थानी व्रतकथाका अनुसार परदेशिएका आफ्ना बाबु शिव शर्माको खोजी गर्न नवराज हिंडेपछि गोमाले साह्रै दुःख पाइन् र सप्तर्षीहरूका सल्लाहले श्रीस्वस्थानीको व्रत गर्नाले नवराज बाबुको पत्तालगाई किरीया गरी घर आइपुगेको र सोही व्रतका प्रभावले लावण्य देशको राजा भएका थिए । साथै श्रीस्वस्थानीको प्रसादलाई उपेक्षा र अपमान गर्दा चन्द्रावती सालीनदीमा ५ बर्षसम्म मुढो लडेझैं कुष्ट रोगले थलिएकी र पछि स्वर्गका अप्सराहरूको सल्लाहले श्रीस्वस्थानीको व्रत बसेका कारण कुष्ठरोगले झरेका हात पाउ समेत दुरूस्त भई सुन्दरी बनेर नवराजकहाँ पुगेर भई सुख भोग गरेको, अनी गङ्गामा बगाएका स्वस्थानी माताको प्रसाद रोटीका कारण परदेशिएका नाग नागिनीको भेट भएको आदि कथाहरू उल्लेख भएका छन् । ❖

-कीर्तिपुर- ४, सल्यानस्थान

सम्पदा बचाऔं, संस्कृति जोगाऔं !

नेपाल प्राकृतिक सौन्दर्य र सांस्कृतिक विविधताको खानी हो, सांस्कृतिक सम्पदा हाम्रा अमूल्य सम्पत्ति तथा असली गहना हुन्, जसले स्थानीय तथा राष्ट्रिय इतिहासको पहिचान दिनुका साथै राष्ट्रिय गौरवमा वृद्धि, खोज तथा अध्ययन अनुसन्धानमा सहयोग, पर्यटन प्रवर्द्धनमा वृद्धि साथै देशको चौतर्फी विकासमा समेत सहयोग पुर्‍याउँछ ।

सम्पदा सम्पदा मात्र नभई यसमा हाम्रो संस्कृति पनि जोडिएको हुनाले यसलाई अतिक्रमण हुन नदिई, समय समयमा मर्मत तथा जिर्णोद्धार गरी यसको महत्त्व सम्बन्धमा युवा पुस्तालाई प्रेरित गरेर मात्र हामीले हाम्रा धरोहर, हाम्रा सम्पदा र हाम्रो स्वाभिमान बचाउन सक्छौ । सांकृतिक सम्पदा हरेक नेपालीको साझा सम्पत्ति हो, यसको संरक्षण गर्नु पनि प्रत्येक नेपालीको साझा दायित्व हो ।

काठमाडौं महानगरपालिका वडा नं. २८

पुरानो वसपार्क, काठमाडौं

स्वस्थानीः संस्कृतिको धरोहर

– सहप्रा. डा. विनुबाबा अर्याल

मनुस्मृतिमा भनिएको छ– आर्यावर्त पुण्य भूमि मध्यं विन्धय हिमालये जसको तात्पर्य हुन्छ– दक्षिणमा विन्यधाचल पर्वत र उत्तरमा हिमालय भएको भूमि नै मूल आर्यावर्त हो। अर्को कुरा पनि भनिएको छ, जहाँ कृष्णसार नामक मृग चर्दछन् त्यो देश नै वैदिक ऋषिहरूको मूल यज्ञस्थल हो। संस्कृतिको मुहान हो। यो कुरा मनुस्मृति लगायत प्राचीन ग्रन्थहरूमा पनि पाइन्छ। अतः नेपाल अध्यात्म दर्शनको विशिष्ट भूमि हो। यस्तो विशिष्ट भूमिमा सर्वव्यापी परमात्मा श्रीमहादेव (शिव)ले मायारूपी शिवालाई पात्र बनाएर लेखेको कथा नै श्रीस्वस्थानी हो।

स्वस्थानी शब्दमा 'स्व' ले आफ्नो स्थान अर्थात् ठाउँ भन्ने अर्थ दिन्छ। तसर्थ स्वस्थानी कथा भनेको आफ्नो ठाउँको विषयमा वर्णित कथा हो। स्वस्थानीको सबैभन्दा पुरानो कथा करिव ४५० वर्ष अगाडि नेपाल सम्वत् ६९३ (वि.सं. १६२९)मा संस्कृत भाषामा हस्तलिखित रूपमा लेखिएको पाइएको छ, जुन राष्ट्रिय अभिलेखालयमा सुरक्षित राखिएको छ। यो कुल आठ पत्रको रहेको र पछि विस्तारित हुँदै क्रमसँगै यसमा विभिन्न पुराणका अनेक प्रसङ्ग थपिँदै विस्तारित हुँदै आजको वृहतरूपमा आएको मानिन्छ। संस्कृतमा लेखिएको ३० वर्षपछि नेपाल भाषामा ३४ पत्रे र २३७ वर्ष पछि मात्र नेपाली भाषामा ५५ पत्रे स्वस्थानी लेखिएको अध्ययनबाट जानकारीमा आएको छ। साथै सो समय यो व्रत केवल २ दिन १ रात अर्थात् केवल दुई दिनको हुने देखिन्छ। तर यसको ३० वर्षपछि लेखिएको स्वस्थानी व्रतकथामा भने ३० दिनको व्रत हुने वर्णन गरिएको छ। वि.सं. १६५९ देखिमात्र श्रीस्वस्थानी व्रत ३० दिनको हुन थालेको भन्ने बुझ्न सकिन्छ साथै यसअगाडि यो कथा नेवारी भाषामा मात्र लेखिएको थियो। यसरी नेवारी समुदायमा यो व्रतकथा व्यापक हुनथालेपछि वि.सं. १७३० माघ शुक्ल पञ्चमीका दिन कान्तिपुरका राजा प्रताप मल्लले मख्खन तानावहामा पहिलोपल्ट श्रीस्वस्थानीको मूर्ति स्थापना गराएका थिए।

स्वस्थानी कथा कसले कहिले रचना गरेको भन्ने प्रामाणिक आधार भने पाइँदैन। तर स्वस्थानी व्रतकथा बारेमा नै विद्यावारिधि गरेकी जेसिकाले स्वस्थानी व्रतकथा १६०३ वि.सं.मा लेखिएको भन्ने सन्दर्भ उल्लेख गरेकी छन्। (विकेन होल्ज, २०७६) । उनले स्वस्थानी व्रतकथा प्रारम्भमा नेवारी भाषामा लेखिएको र वि.सं. १८३७ मा मात्र नेपाली भाषामा लेखिएको बताएकी छन्।

स्वस्थानी व्रतकथाले स्वस्थानको गरिमालाई प्रचूर मात्रामा व्याख्या गर्दछ। आफ्नो स्थानलाई चिन्नु, मनन गर्नु नै स्वस्थानी भित्रको गुह्य तत्त्व हो। मनुष्यको आफ्नो स्थान भनेको नै आत्मा हो। मनुष्यको आत्मा एउटा यस्तो वस्तु हो जो निरन्तर ज्ञान प्राप्त गर्न खोजिरहन्छ। आत्माको भोजन नै ज्ञान हो। यदि हामीले ज्ञानको मूल निर्देशन या संकेतलाई सम्झने प्रयत्न गर्‍यौं भने जीवन सजिलैसँग सही दिशातिर लाग्दछ। आत्माका सारा प्रयासहरू हामीलाई पशुबाट मनुष्यतर्फ लगी जीवन निर्माण गराउन तत्पर रहन्छन्।

मनुष्य बन्नुको अर्थ नै मानव योनिमा देवत्वलाभ प्राप्त गर्नु हो। यसका लागि धार्मिक आस्था पनि बलियो बनाउनु पर्दछ जसलाई भत्काउन कसैले नसकून्। यसैलाई चरितार्थ गर्न करिव साढे चार सय वर्ष अगाडि (वि.सं. १६२९मा) लेखिएको एउटा सानो स्थानीय कथाले विस्तारै आफ्नो कथनलाई फैलाउँदै ठूलो आकार लिएर आज पनि व्यापक मान्यता प्राप्त गरिरहेछ। शुरुमा एउटा कुनै जाति विशेष(नेवारी)ले गर्ने गरेको व्रत आज अन्य जातिमा पनि विस्तारित हुँदै संस्कृतबाट नेवारी, नेवारीबाट नेपाली र यसबाट हिन्दी लगायत अन्य भाषाहरूमा अनुवाद हुँदै

प्रचार प्रसार भइरहेछ ।

धार्मिक मूल्य मान्यताले मानव समाजलाई प्राचीन कालदेखि सत्य, अहिंसा र सदाचारको पाठ पढाउँदै आइरहेका छन् । धर्म नभएको मुलुकमा धैर्य हुन सक्दैन । जुन ठाउँमा धर्म र धैर्य नै छैन त्यस्तो मुलुकमा कहिल्यै पनि सुख र शान्ति हुन सक्तैन । न्याय, निशाफ, शान्ति सुरक्षा, सुव्यवस्था, अमनचैन पनि कायम हुन सक्तैन । यी सत्यतथ्यको उजागर गर्नु नै स्वस्थानी व्रतकथाको भित्री रहस्य हो ।

मानवले जवसम्म आफूभित्रको शाश्वत अन्तरवस्तु अर्थात् चेतन सत्ताको सही पहिचान गर्न सक्तैन, उसले आफूलाई आफ्नो स्थानमा राख्न सक्दैन । स्वभन्दा आत्मा आउँछ, स्वस्थान भन्दा आत्मा चिनेर त्यस स्थानमा रहनु नै हुन्छ । जीवनमा चीरस्थायी खुशी, आनन्द र सत्कर्मको लागि आफ्नो स्वअस्तित्वको निरन्तरतालाई थाहा पाउनु पर्दछ । किनकि आत्मिक ज्ञानले शाश्वत गुण, मूल्य र आर्जित मूल्यको विषयमा स्पष्ट जानकारी प्राप्त गरी मानिसलाई निर्णायक मनस्थिति प्रदान गर्दछ । उसभित्रका सबै द्वन्द्वात्मक र दोधारे मनस्थिति समाप्त भई आफ्नो असली आत्मिक स्व अस्तित्वमा आउँछ । हिन्दुहरूको परम धर्म आत्म दर्शन हो । त्यसैले हिन्दु धर्मको पूर्णता आत्म दर्शनबाट नै सम्भव हुन्छ ।

इति श्री स्कन्दपुराणे केदारखण्डे माघ माहात्म्ये कुमार अगस्त्य संवादे..... प्रत्येक हिन्दु धर्मावलम्बीहरूले एक महिनासम्म पाठ गर्ने श्रीस्वस्थानी व्रतकथा वाचन गरिसकेपछि भन्ने संस्कृत वचन हो यो । यस वचनअनुसार स्वस्थानी व्रतकथा स्कन्दपुराणबाट उद्धृत गरिएको हो, यसको अभिप्राय स्वस्थानी व्रतकथाको मूल ग्रन्थ स्कन्दपुराण नै हो भन्ने बुझिन्छ । तर स्कन्दपुराणमा मात्र होइन अन्य कुनै पनि पुराणमा सम्पूर्ण स्वस्थानी व्रतकथाको मूल पाइँदैन । ३१ अध्यायमा विभाजित स्वस्थानीका केही कथा स्कन्दपुराणबाट लिइएको छ भने पद्मपुराणमा शिव पार्वती संवादको रूपमा १५३ श्लोकमा श्रीस्वस्थानी व्रत माहात्म्य बताइएको छ । जसमा श्रीस्वस्थानी देवीको स्वरूप व्रतविधि लगायत शिवशर्मा, गोमा, नवराज, चन्द्रावती आदि स्वस्थानी व्रतकथामा आउने प्रसङ्गहरूको सामान्य कथा बताइएको छ । श्रीमद्भागवतका केही कथाहरू पनि श्रीस्वस्थानीमा आउँछन् । भूगोलको वर्णन ब्रह्माले वराह अवतार लिएर पृथ्वीको उद्धार गरेका आदि प्रसङ्ग श्रीमद् भागवतबाट झिकिएको हो । यसैगरी विष्णुले मधुकैटव दानवलाई मारेको कथा वराहपुराणबाट लिइएको हो । यसरी विभिन्न पुराणका प्रसङ्गहरूबाट श्रीस्वस्थानी व्रतकथा तयार पारिएको छ ।

वैदिक सनातन धर्ममा आधारित धरोहरको रूपमा रहेको श्रीस्वस्थानीको व्रत बसी आफ्नो इच्छा आकांक्षा पूरा गराउने कामको थालनी आदिकालीन उषा समयदेखि नै प्रचलनमा आएको पाइन्छ । सनातन वैदिक हिन्दु धर्मावलम्बी नेपाली समाजमा पौषशुक्ल पूर्णिमादेखि व्रत आरम्भ गरी माघ शुक्ल पूर्णिमासम्म एक महिना कथा पढी शालीनदी लगायत विभिन्न क्षेत्रमा व्रत बस्ने परम्परा रहिआएको छ ।

स्वस्थानी व्रतकथाअनुसार वृद्ध भेषधारी संन्यासी रूप शङ्करले बाबु दक्षप्रजापतिको दरवारबाट आफ्नी पत्नी सतिदेवीलाई कैलाश पर्वतमा लगी एउटा थोत्रो पुरानो खरको घरभित्र भित्र्याए । सतीदेवीको शीलस्वभाव परीक्षण गर्न महादेवले घरको भित्ता च्याती कैलाश पर्वतमा लगी कैलाश तथा आफ्नो स्वरूपको दर्शन दिए । यस प्रसङ्गको वास्तविकता विचार गर्दा शङ्करले सतीदेवीलाई ज्ञानको कुरा बताई अज्ञानको भित्ता च्यातिदिएका थिए । त्यस्तै मानिसले पृथ्वीमा बनाएका घर अध्यात्मको दृष्टिले घर होइन किनकि त्यो अनित्य छ । त्यस घरलाई त छोड्नु नै पर्दछ । मनुष्यको सच्चा घर त भगवान्मा वास गर्नु नै हो तथा परमात्मामा लाग्नु नै हो भन्ने दिव्य ज्ञान दिएका थिए ।

दक्ष यज्ञको परिणामलाई उदाहरणको रूपमा लिन सकिन्छ । भगवान् शङ्करको तिरस्कारबाट भगवती दाक्षयणी यति क्रोधित भइन् कि उनको आफ्नो प्राणलाई दक्षयज्ञमा आहूति गर्दा रूद्रका गणहरू वीरभद्र आदिले दक्ष यज्ञलाई विध्वंस नै गरे । यसबाट हामीलाई यो शिक्षा मिल्दछ कि ईश्वरको तिरस्कारबाट शक्ति नाश हुन्छ अनि हाम्रो काम बिग्रने मात्र होइन नष्ट भ्रष्ट पनि हुन पुग्छौं । वास्तवमा हाम्रो शास्त्रहरूको सिद्धान्त यो छ कि परमात्माको ज्ञान भगवतीको अनुग्रह अनुकम्पाबाट मात्र हुन्छ । अरू कुनै तरिकाबाट हुँदैन । यस सन्दर्भबाट प्रष्ट हुन्छ कि भगवती

परमेश्वरी जगदम्वाले नै हामीलाई परमात्माको ज्ञान दिन सक्छिन् । (शिवपुराण अनुसार सतिले मौन तथा शान्त भई योग धारण गरिन् र योगको वायुद्वारा नै शरीरलाई भष्म पारिन् । सतीदेवीको देह त्याग बारे शिव पुराणमा यसरी उल्लेख गरिएको छ तर स्वस्थानी व्रतकथामा भने यज्ञ कुण्डमा फालहानी देह त्याग गरेको र यज्ञ कुण्डको अग्निमा परेको सो शरीरबाट प्राण निस्किए पनि भगवान्

को डरले अग्निले सतिको शरीर भष्म गराउन नसकेको हुँदा पछि शङ्कर आई यज्ञ कुण्डबाट बाहिर झिकी बोकेर लैजाँदा बाटामा टुक्राटुक्रा भई खस्दै गएको तथा यसरी खसेको सतीदेवीको अङ्ग पतनमा शिवलिङ्ग र पीठ उत्पन्न भएको उल्लेख छ ।)

आत्मज्ञान नै शिवको स्वरूपको ज्ञान हो। आद्याशक्तिको आश्रय नलिउन्जेल आत्मज्ञान प्रकाशित हुँदैन । यस्ती स्वस्थानी देवीको व्रत उवपासनाबाट व्रतालुको सम्पूर्ण मनोकामना पूर्ण हुने कुरा अठोटका साथ बताइएको छ । विधिवत स्वस्थानी देवीको व्रतको अनुष्ठान गर्नेले आफ्नो स्वस्थान प्राप्त गर्दछ । हिमालय पुत्री पार्वतीले आफ्नो पति रोज्ने क्रममा एक महिनासम्म श्रीस्वस्थानी परमेश्वरीको व्रत बसेको क्षेत्र गौरीघाट हो । अतः गौरीघाटमा रहेकी भगवती पार्वतीको दर्शनको महिमा स्वस्थानी व्रतकथामा उल्लेखित भएबाट यस एक महिनाभरि माघस्नान गरी आफ्नो अनुकूल मिलाई शालीनदी (मणिशैल पर्वतको शिखरबाट बगेकी यो पवित्र नदीको नाम शैन नदी हो । शैलनदी अपभ्रम्स भई शालीनदी नाम रहन गएको हो । शैलजा अर्थात् मणिशैल पर्वतबाट उत्पत्ति भई शालीनदी वागमतीसँगै गङ्गा नदीमा मिसिएर आफ्नो अन्तिम लक्ष्य हिन्दमहासागरमा विलीन हुन्छिन् ।) पशुपति, गुह्येश्वरी, किराँतेश्वर, गौरीघाट, मृगस्थली आदि क्षेत्रमा महिना भरिनै दर्शन एवम् पूजा आराधना गर्ने परम्परा रहेको छ ।

पार्वतीले शिव पति पाउने इच्छाले विष्णुको सल्लाहमा स्वस्थानीको व्रत बसेको र पार्वतीद्वारा स्वस्थानी व्रतको प्रभावबाट इच्छित वर पाएको प्रसङ्ग छ । कालान्तरमा पाताल लोकका नागकन्या उद्धार गर्न पार्वतीको सल्लाहमा ऋषिमुनिहरूले श्रीस्वस्थानी व्रतलाई स्वर्ग लोकबाट अन्य लोकमा पनि प्रचार गरको कुरा धर्म ग्रन्थहरूमा उल्लेख गरिएको छ । यस व्रतको स्वर्गलोकमा नारदले, पाताल लोकमा अश्वस्थामाले र मर्त्यलोकमा सप्तऋषिहरूले प्रचार गरेका थिए ।

स्वस्थानीलाई आद्याशक्ति माहामाया, महाप्रकृति, पराम्विका तथा शिव (ब्रह्म) की सहायिका परमेश्वरीको रूप लिइएको छ र केही गरेर हुन नसक्ने कार्य पनि उनको आराधनाले सम्पन्न हुन सक्छ भन्ने दर्शाइएको छ । श्रीस्वस्थानी व्रतमा श्रीगणेशको महत्त्व दर्शाइएको छ । शिवभक्त ब्राह्मणलाई धन, वैभव र सन्तान समेत प्रदान गरेको प्रसङ्ग स्वस्थानीमा छ । यसरी स्वस्थानीमा गणेशको व्रत र माघ महिनाको महत्त्व सम्वन्धी प्रसङ्ग पनि छ ।

श्रीस्वस्थानी तीर्थ शालीनदीमा व्रत बस्ने व्रतालु महिलाको आध्यात्मिक पुरूषार्थको चर्चा गर्नु महत्त्वपूर्ण

हुन्छ । नालापानीमा दश दश दिन भोकै प्यासै काखे बालक च्यापेर अत्याधुनिक हात हतियारले सुसज्जित विश्वविजेता अङ्ग्रेज फौजसँग लड्ने ती वीर नेपाली महिला आजका नेपाली समाजमा छैनन् । तथापि आधुनिक समयमा माघको ठण्डीमा शालीनदी तीर्थमा सिंगो एक महिना व्रत बस्ने आस्तिक महिलाको त्याग र पराक्रम अवश्य प्रेरणदायी छ । आफ्नो धर्मशास्त्रको विज्ञान र विशाल दर्शनलाई नबुझेर (बुझ्न नचाहेर) सतही र प्रतीकात्मक पक्षको स्थूल विरोध र अज्ञानता जाहेर गर्न जोडतोडले लागि परेको देख्दा कालीदास प्रवृत्तिको स्मरण हुन्छ । श्रीस्वस्थानी कथा र व्रतालुको विरोध गर्ने डलरवादीहरू आज बढ्दो छन् । (भरत गिरि गौरी मासिक पत्रिका माघ २०७३ पृष्ठ १०)

आर्य हिन्दु नारीहरू आ–आफ्नो हितार्थ समझदार छन् । उनीहरू केवल अर्काको लहैलहैमा लागेर आफ्ना पतिका लागि मात्र स्वस्थानी परमेश्वरीको व्रत गरेका होइनन् । आफ्नो पतिको लागि व्रत गर्नु भनेको आफ्नो दाम्पत्य जीवनलाई सफल बनाउनु हो, परिवारको कल्याण गर्नु हो । श्रीस्वस्थानी भौतिक रूपले पुरूषको भक्ति गर भनेको छैन आफूभित्र रहेको आत्मोपलब्धी आध्यात्मिक पुरूषार्थ, भक्ति श्रद्धा गरी तपमार्फत जन्म मरणको दुःखबाट मुक्ति प्राप्त गर्ने दर्शन रूपी कथा हो ।

स्वस्थानी व्रत कथामा पुरूषलाई यो व्रत गर्नु हुँदैन भनेर कहिं पनि उल्लेख गरिएको छैन । शास्त्रमा जपतप व्रत दान यम, नियम आदि इत्यादि भनेर इन्द्रियहरूलाई वशमा राख्ने उपाय बताइएको छ । यिनीहरूलाई वशमा नराखिकन भौतिक सुखसुविधाले मात्र मानिसलाई कहिल्यै पनि आनन्द शान्ति मिल्दैन । वैदिक दर्शनले चाहेको भक्ति मार्गको प्रयोजन त एउटा न्यायिक राज्यको स्थापना हो जहाँ सबै प्राणीको जीवन मर्यादित होस् ।

श्रीस्वस्थानीमा भौतिक रूपले पुरूषको भक्ति गर भनिएको होइन । आफूभित्र रहेको शिवरूपी चेतनलाई शान्ति कल्याण आदि सकारात्मक भावद्वारा जगाएर श्रद्धा, भक्ति, जप तप आदिमार्फत जन्म मरणको दुःख कष्टबाट मुक्त प्राप्त गर्न दिइको सन्देश हो । प्रतीकात्मक प्रसंगहरूबाट दिन खोजेको सुझाव हो । पूर्वीय उच्च विज्ञानलाई दन्ते कथामा सीमित गर्न खोजे पनि सो होइन ।

अष्ट दलमा रहने चामुण्डा, महाकाली, वैष्णवी, ब्राह्मणी, महेश्वरी, कौमारी, वाराही र इन्द्रायणी यी अष्टमातृका बीच त्रिशुल, तरवार, कमल र चक्र लिएर विराजमान भएकी श्रीस्वस्थानी पूर्ण देवी हुन् जसबाट अन्य शक्ति रूपहरू विस्तारित हुने गर्दछन् । अष्टमातृकालाई सुरक्षात्मक मात्र नभई आध्यात्मिक गुण वृद्धिका रूपमा पनि लिन सकिन्छ । अष्टमातृकाका आ–आफ्नै विशेषताहरू छन् । यी सबै प्रतीकात्मक अभिव्यक्ति हुन् । मातृत्व शक्तिले सम्पन्न भएकीले नारीमा आफ्नो शक्तिको अभिमान बढ्न नदिन हाम्रो धर्मशास्त्रले नारीलाई व्रत अनुष्ठान गर्ने, अनुशासनमा बस्ने ज्ञान दिएको छ । अभिमान (चन्द्रावतीको प्रसंग) बढ्न गएमा त्यस्तो व्यक्तिको सफलता लामो समयसम्म टिक्न नसकेको कैयौं दृष्टान्तहरू छन् । त्यस्तै पतन र विचलनबाट जोगिन माता पार्वती सदा शिव भगवान्‌को पत्नी मात्र नभै शरणागत भक्त समेत हुनुभएको छ ।

श्रीस्वस्थानी व्रतकथामा गोमाले श्राप पाएको र वृन्दाको सतित्व नष्ट गरिएको प्रगंग सर्वविदितै छ । शिव भट्ट ब्राह्मणको दानशीलताले बढेको उनको घमण्डलाई नष्ट गर्न गोमा स्वयं पार्वतीकै रूप भएकाले उनीमार्फतबाट सांसारिक अभिनय गरिएको छ । त्यस्तै वृन्दाको पतिव्रता धर्मले जालन्धरमा देखा परेको आसुरी वृत्तिलाई नष्ट गर्नु थियो । जतातते अपराधिक कुकृत्यहरूलाई दमन गर्ने भगवान् विष्णुले धर्म स्थापनाको लागि जालन्धरको भेषमा वृन्दाको पतिव्रता धर्म नष्ट गर्नुभयो । अनि महादेवलाई जालन्धर वध गर्न सजिलो भयो किनकि पतिव्रता धर्मको पालना गर्नलाई पतिको पनि आचरण शुद्ध हुनु पर्दछ । यसको सन्देश यही नै हो । महादेवले सतीदेवीको मृत शरीर बोकेर हिंडेको शरीरको प्रेमले हैन, संसारलाई देखाउन वैराग्य धारण गरेको मात्र हो । भगवान्‌मा कुनै किसिमको रागादि विकार हुँदैन । यही वैराग्यले गर्दा नै भगवान् शिव अखण्ड समाधिमा बसिरहनुहुन्छ । त्यसैगरी समाधिमा रहेकै बेलामा कामदेवले काम बाण प्रहार गर्दा कामदेव आफैं भष्म भए । वैरागी शिवलाई रागी वाणको अर्थ त अवश्यै बुझेको नै हुन्छ । अतः यो पनि मनन गर्नुपर्दछ कि धर्मले प्रतिपादन गरेका सबै कुरालाई केवल तर्कका आधारमा सिद्ध गर्न सकिँदैन । शक्ति तत्त्वको परिचयले आत्मवोधको यथार्थ अनुभूतिले मात्र हामीलाई

दैवी शक्तिको पोषक बनेर बाँच्ने सौभाग्य प्रदान गर्दछ ।

वरिष्ठ संस्कृतिविद् महेश्वर जुजु राजोपाध्याय स्वस्थानीको बारेमा भन्नुहुन्छ- कुनै पनि संस्कृति राष्ट्रको सभ्यता हो । राष्ट्रको अस्तित्व जोगाउन संस्कृतिको पनि जगेर्ना गर्नुपर्दछ । स्वस्थानी कथा लेख्नुको उद्देश्य पनि यही हो । स्वस्थानी व्रतकथामा उल्लेखित पात्रहरू महादेव, सतीदेवी तथा पार्वतीको सम्वन्ध नेपालकै पवित्र तीर्थस्थल पाशुपत क्षेत्रसँग रहेकोले स्वस्थानीको महत्त्व यस क्षेत्रसँगै जोडिएको छ । शिव पार्वती नेपालका प्राचीन आदिवासी किरातका आराध्यदेव भएको र स्वस्थानी नेपालको किरातकालीन इतिहास भएकाले यसको महत्त्वलाई जोगाई राख्न स्वस्थानीव्रत परम्परालाई निरन्तरता दिनु आवश्यक हुन्छ । यसैगरी गोमा, नवराजको कथाको सेरोफेरोले बनेपा र भक्तपुरलाई समेटेको हुनाले पनि स्वस्थानी कथा नेपालको इतिहास हो भनेर भन्न सकिन्छ । अतः इतिहासको संरक्षण गर्नु हाम्रो कर्तव्य हो ।

विश्व सभ्यतालाई ज्ञानचक्षुमात्र होइन विज्ञान प्रविधिको संस्कार र नीति प्रदान गर्ने पूर्वीय संस्कृतिलाई यहाँ नयाँ शिक्षाको रूपमा भित्रिएको अङ्ग्रेजी शिक्षाले विस्थापित गराउने दुष्प्रयास सफल भइरहेको छ । वर्तमान स्थितिमा जीवन निर्वाह नै पुरूषार्थ जस्तो भइरहेछ । पूर्वीय परम्परा शिथिल बन्दै गइरहेछ । त्यसमा श्रद्धा पातलिंदो छ । उत्तरोत्तर विषम अवस्थाको आगमनले हाम्रो सांस्कृतिक धार्मिक नियम, मानवीय मूल्यहरू सवै व्यर्थको वन्धन भइरहेछ । आजसम्म आफूलाई अड्याइ राख्ने धर्म बलमा विश्वास घट्दो छ । राज्य र समाजको स्वरमा धर्म माथि लगानी खोज अनुसन्धान भएको छैन । एकोहोरो प्रहार उपेक्षा अपमान मात्र छ । हाम्रा सन्ततिले पनि आफ्नो धर्म संस्कृतिलाई धुजाधुजा पारेर रध्दिको टोकरीमा फालेर आफूहरू रित्तो खोक्रो भएर पश्चिमाको आडम्वरीको खोक्रो खोल ओढेर बसिरहेका छन् । जसको संख्या दिन प्रतिदिन बढ्दै गइरहेको छ । जसबाट पूर्वीय संस्कार, विज्ञान प्रविधि आदि दिनपर दिन मूल्यहिन हुँदै गइरहेका छन् ।

आफ्नो सनातनीय पुर्खौली संस्कृति र योगदानलाई नष्ट गरेर विदेशी संस्कृतिलाई अंगालेर हिड्दा पूर्वीय जनमा मानसिक, आध्यात्मिक दरिद्रता बढ्दै गइरहेछ । यस धर्तीको दिव्यता नष्ट भइरहेछ । स्थानीय संस्कृति लगायत धर्तीसँग सम्वन्धित रक्षात्मक देवीदेवता विशेष गरी मातृदैविक शक्तिप्रति श्रद्धा र उपासनामा आएका ह्रासका कारण यावत प्राकृतिक समस्या वृद्धि भइरहेको पाइन्छ । ईश्वरको आत्मिक सम्वन्धले आध्यात्मिक जागृति गराउँछ र मानव जीवनमा प्राप्त हुने सकारात्मक चिन्तनबाट उसको जीवनशैली स्वभाविक रूपमा स्वअनुशासित र सदाचारी बन्न पुग्दछ । र हामी उनको बन्न सक्षम हुन्छौं । पूर्वीय दर्शनमा आएको ह्रासका कारण हामी जसको अंश हौं जसभित्र हामी अवस्थित छौं त्यसलाई चिन्न र देख्न नसक्ने भएका छौं । जसको परिणाम हामी अनन्तबाट खसेर क्षणिकमा पुगेका छौं, अस्मबाट टुक्रिएर सीमिततामा बाधन पुगेका छौं । प्रकाशबाट हटेर अन्धकारमा फस्दै गइरहेका छौं । त्यसैले गीतामा भनिएको छ- 'सत्व संशुद्धि' मनको संशोधन गर । चित्तलाई माझ । जव भित्र माझिन्छ बाहिर स्वतः ठीक हुन्छ । हामी चल्ने भित्रबाटै हो । मनको सुख वा शान्ति उसँग भएको भौतिक उपलब्धी होइन उसको मानसिक समाधान र सन्तुलनमा निर्भर रहन्छ । यस्तो समाहित मनस्थितिले गर्दा नै पाण्डवहरूले वनमा पनि सुखको अनुभूति गरेका थिए । उद्विग्न मनस्थितिले गर्दा कौरवहरूलाई सुवर्णको महलमा पनि शान्ति थिएन । अतः हाम्रो धर्म भनेको ईश्वरप्रतिको निष्ठा, विश्वास सन्तुष्टि नै हो । यही कुरा हामी श्रीस्वस्थानी कथाबाट पाउन सक्छौं । यस कथाको यथार्थता, सत्यता र वास्वविकतालाई अनुशरण, अवलम्वन र पालन गर्ने हो भने जीवन सुखमय, आनन्दमय, सौहाद्रमय बनाउन प्रथमतः मनलाई शान्त, शालीन र स्वच्छ बनाउन सजिलो पर्दछ । यसै सत्य तथ्यको उजागर गर्नु नै श्रीस्वस्थानी व्रतकथाको भित्री रहस्य हो ।

विगतमा उठान गरिएको विषयवस्तु सर्वकालिक हुनै पर्दछ भन्ने छैन । आजका कतिपय विचार भोलिका रूग्ण अस्थिपञ्जर बन्न सक्छन्, समाज परिवर्तनीय छ, स्वस्थानीमा वर्णित पात्रले नकारात्मकतातिर प्रेरित गरेको होइन समाजमा साक्षरताको अभावमा पिल्सिएको अत्यन्त सिधा र सरल ग्रामीण नारी र नरलाई सम्भावित जोखिमबाट बच्नको लागि तयार पारेको हो भन्न हिच्किचाउनु पर्दैन जस्तो लाग्छ ।

यो विशाल ज्ञानमय दर्शन सरल कथामार्फत प्रस्तुत

गरिएको छ । तसर्थ बुझाई दृष्टिकोण र संस्कारको कमिले आजको समाजमा त्यसको अपव्याख्या हुनुमा अस्वभाविकता छैन । तर मूल रूपमा श्रीस्वस्थानीलाई राम्ररी बुझ्न नसक्दा, पाश्चात्य दृष्टिकोणले हेर्दा विभिन्न नकारात्मक सोचले व्याख्या गर्दा आजको समयमा परिपक्क बुझाई नभएकाले र यसभित्र रहस्यात्मक अर्थहरू केलाउन नसकेर कर्मकाण्डीको रूपमा वेकारको कथा भनेर एकातर्फ मिल्क्याएर राख्नेको कमि नभएको जस्तो देखिन्छ । अर्कोतर्फ कर्मकाण्डमै सीमित बनाएर यस भित्रको ज्ञानलाई बुझ्न चासो नदिएको जस्तो पनि देखिन्छ । कर्मकाण्डको उपयोग गरेर मानिसले संस्कारको विकास गर्ने हुनाले तथा संस्कारले मानिसको चरित्रलाई निर्माण गर्ने हुनाले कर्मकाण्ड विना न कुनै विज्ञानको नत धर्मको विकास हुन सक्छ । यसबाट के देखिन्छ भने आफ्नो संस्कृति इतिहास दर्शनको महान् पक्षलाई आत्मसात गर्न नसकेर अन्धविश्वास र रूढीवाद भनेर श्रीस्वस्थानीको अवमूल्यन गरेको देखिन्छ । यो दुःखको कुरा हो ।

अन्त्यमा, हाम्रो वैदिक सनातन हिन्दु राष्ट्र हाम्रो तपोभूमि हो जसमा भगवान् विष्णुले शालीग्रामको अवतार लिनुभयो । जसलाई पवित्र दामोदर कुण्ड भनेर जानिन्छ । कालीगण्डकी बगेकी छिन् मुक्तिनाथ हाम्रो आँगनमा विराजित हुनु भएको राष्ट्रदेव श्रीपशुपतिनाथ हाम्रो राष्ट्र देवताको रूपमा विश्व प्रसिद्ध हुनुहुन्छ । संसारको शिखर हिमालय सगरमाथाले विश्वलाई हेरिरहेको छ । यो भूमिमा राजा जनकले राज गर्नुभयो । माता सीता यही भूमिमा प्रकट हुनुभयो । हाम्रो भूमि लुम्विनीमा जन्मिनु भएका गौतम बुद्ध विश्व प्रख्यात महापुरूष भगवान्को रूपमा मानिनु हुन्छ । त्यस्तै श्रृङ्गी ऋषिसहित ठूला ठूला ऋीषमुनिहरूले तपस्या गरेको तपोभूमि हो यो । यहाँ सत्य छ, सत्य अजर, अमर हुन्छ, यसलाई बुझ्नु नै धर्ममा अड्नु हो । धार्मिक बन्नु हो, धर्म भनेको अमृत्व बुझ्नु हो, अमृत्व बुझेर नै अहं ब्रह्मास्मीलाई बुझ्न सजिलो हुन्छ । ❖

–बत्तिसपुतली, काठमाडौं

सन्दर्भ ग्रन्थः

११ बिकेन होल्ज, जेसिका (२०७६) स्वस्थानी व्रतकथाले नेपाली समाजमा पारेको प्रभाव, काठमाडौंः अनुसन्धाता शुक्रराज अधिकारी

२. अधिकारी डा. शुक्रराज, समाजशास्त्रीय दृष्टिमा स्वस्थानी व्रतकथा (ने.प्र. प्रतिष्ठान)

३. सापकोटा, भुषाल र विजुक्छे (सम्पा. २०७२) शुद्ध एवम् सरल श्रीस्वस्थानी व्रतकथा, काठमाडौं, जयकाली प्रकाशन

४. शर्मा, जनकलाल (२०५८) हाम्रो समाज एक अध्ययन,काठमाडौं : साझा प्रकाशन ।

सडकमा वेवारिसे छाडिएका गाईबाच्छा, साँढेहरूको

संरक्षणमा हातेमालो गरौं !

पृथ्वी सबैको साझा घर हो । यहाँ सबै प्राणीहरूले बाँच्न पाउने अधिकारको सुनिश्चितता गरौं ।
हरेक दिन गाईबाच्छाहरूका लागि केही दान गरौं । जन्मोत्सव, विवाहोत्सव आदि शुभकार्यहरू र अन्य उत्सव या स्मृतिमा गौमाताको सेवामा केही योगदान गरौं । आफू पनि बाँचौं र अवोध प्राणीहरूलाई पनि बचाऔं । सेवा नै सबैभन्दा ठूलो धर्म हो । जय गौमाता !

नन्दी सेवा स्थल

मन्दिर गाई बाच्छा बचाऊ तथा समाज विकास अभियान

फूल पसल लाइन, वनकाली, सम्पर्कः ९८०८२९७४८५, ९८४१२०४००६

किशोर किशोरी शिक्षण प्रशिक्षण

शारदारमण अधिकारी

किशोर उमेर मानव जीवनको सवैभन्दा चन्चल, सम्वेदनशील र महत्त्वपूर्ण उमेर हो । व्यक्तिको भावी जीवनमा किशोर उमेरको प्रभाव सवैभन्दा बढी रहन्छ । यस उमेरमा ऊर्जा चरम सीमामा पुगेको हुन्छ । ऊर्जाको सुनियोजित व्यवस्थापनबाट जीवन समुन्नत, सफल र सार्थक बनाउन सकिन्छ भने यही ऊर्जा गलत बाटोमा प्रवाहित भएका खण्डमा जीवन घीनलाग्दो नरक पनि बन्नसक्छ । किशोर उमेरमा जोकसैले पनि बाटो बिराउने सम्भावना बढी नै रहन्छ । किनभने यति बेला खर्च गर्नका लागि जीवनमा ऊर्जा प्रचुर मात्रामा हुन्छ तर सही सार्थक काममा खर्च गर्नका लागि चाहिँदो अनुभव र दिशाबोध हुँदैन । यतिवेला साथी संगतको प्रभाव अति नै गहिरो पर्छ । कस्तो सङ्गत छ त्यसै अनुसार जीवनको दिशा निर्भर रहन सक्छ । असल सङ्गत असल मार्गदर्शन भेटियो भने जीवन सफल हुन्छ, । खराब सङ्गतले जीवन बर्बाद पनि बन्न सक्छ । अभिभावकका भूमिकाको आवश्यकता यति वेला नै सवैभन्दा बढी पर्छ ।

किशोर उमेर जीवनको सर्वाधिक संवेदनशील उमेर हो । यस उमेरमा यता लागौँ कि उता लागौँ यसो गरौँ कि उसो गरौँ भन्ने धरमर, भ्रान्ति धेरै नै हुन्छ । मनमा थरी थरीका द्वन्द्व उत्पन्न भइरहन्छन् । उचित समाधान नभेटिनुका कारण किशोर किशोरीहरू प्रायः तनावका अवस्थामा रहन्छन् । आफ्ना मनका भ्रान्ति र तनाव हटाउनका लिगि साथी सँगातीका सम्पर्कमा पुग्छन् । साथी सँगती राम्रा पनि हुनसक्छन् नराम्रा पनि हुन सक्छन् । यसै भएर अभिभावकले आफ्ना किशोर छोराछोरीलाई बढी नै ध्यान दिन सक्नुपर्छ । बढी नै समय दिन सक्नुपर्छ । तिनीहरूसँग आफू बढी नै नजिकिन सक्नुपर्छ । आत्मीय र विश्वसनीय हुन सक्नुपर्छ । मित्र हुन सक्नुपर्छ । पुराना नीतिमा पनि भनिएको छ–

लालयेत् पञ्च वर्षाणि दश वर्षाणि ताडयेत्
प्राप्ते तु षोडशे वर्षे पुत्रं मित्रवदाचरेत् ॥

अर्थात् पाँच वर्षको उमेरसम्म छोरालाई मायाँ दिएर हुर्काउनु पर्दछ, पाँचदेखि दश वर्षसम्म उसैको भलाइको निम्ति ताडना पनि दिनुपर्दछ । सोह्र वर्षको भएपछि भने छोरासँग पनि मित्रसँगजस्तै व्यवहार गर्नुपर्छ ।"

कति अभिभावक आफना छोराछोरीले पढाइमा राम्रा अङ्क ल्याए भने तिनको प्रशंसा गर्ने, ध्यान दिने, समय दिने, अङ्क कम ल्याए भने बेवास्ता गर्ने, गाली गर्ने गर्छन् । यो सरासर गलत हो । सवै किशोरकिशोरीलाई अभिभावकका माया ममता र सामीप्यको आवश्यकता पर्छ । पढाइमा कमजोरलाई त अझ बढी माया ममता र प्रोत्साहनको आवश्यकता पर्छ । अभिभावकले आफ्ना छोराछोरीसँग मित्रताका ब्यवहार गर्नुका धेरै फाइदाहरू छन् । मित्रताको सम्बन्ध नै यस्तो सम्बन्ध हो जुन सम्बन्धमा आपसमा सहजता र स्वतन्त्रता दुवै रहन्छ । मित्र त्यो हो जसलाई पूर्ण रूपपमा विश्वास गर्न सकिन्छ । मित्रले नै

हाम्रो भावनाको सम्मान गर्छ । हामी पनि मित्रका भावनाको सम्मान गर्छौं । मन खोलेर कुरा गर्छौं । अभिभावकले आफ्ना किशोर छोराछोरीसँग मित्रताको व्यवहार गर्दा धेरै समस्याहरू सजिलै समाधान हुन सक्छन् । त्यसो हुँदा हाम्रा छोराछोरीले हामीसँग सङ्कोच नमानीकन खुलेर सहजताका साथ आफ्ना कुरा भन्छन् । समस्या पर्दा समाधानका निमित्त हामीसँग छलफल गर्छन् । नत्र हामीबाट हाम्रा सन्तान टाढिँदै जान सक्छन् । हामीलाई घृणा गर्न पनि सक्छन् ।

कति अभिभावक आफ्ना बालक छोराछोरीको अवस्था र क्षमता नबुझी तिनीहरूमाथि कठोर अनुशासनको हैकम जमाउन खोज्छन् । छोराछोरी भएपछि तिनले बावुआमाको सवै आदेश मान्नुपर्छ, सवै इच्छा पूरा गर्नुपर्छ भन्ने चाहना राख्छन् । यसो गर्नु व्यावहारिक होइन, नैतिक पनि होइन । किनभने हरेक व्यक्ति आफ्नो छुट्टै क्षमता र सम्भावना लिएर जन्मेको हुन्छ । हामीलाई जे मन पर्छ त्यो हाम्रा छोराछोरलिाई पनि मन पर्नैपर्छ, हमीलाई जे महत्त्वपूर्ण लाग्छ त्यो तिनीहरूलाई पनि त्यत्तिकै महत्त्वपूर्ण लाग्नैपर्छ भन्ने सोच सही सोच होइन । अभिभावकले आफ्ना सन्तानको क्षमता र रूचिलाई राम्ररी बुझेर तिनीहरूको प्रगतिमा मद्दत पुऱ्याउनुपर्छ । अन्यथा अभिभावकको जिद्दी स्वभाव र व्यवहारले बालबालिकाको सम्पूर्ण जीवनमै प्रतिकूल असर पर्न सक्छ ।

हिजोआज धेरैजसो मानिसहरू एकल परिवारमा रहन थालेका छन् । तीमध्ये कतिको एक मात्र सन्तान हुन्छन् । सन्तानको रेखदेअ हेरविचार गर्नुपर्ने हुन्छ । अन्यथा केटाकेटीहरू बरालिन सक्छन् । कुबाटोमा लाग्न सक्छन् । एक्लो सन्तानलाई बढी नै लाडप्यार गर्ने र तिनीहरूका गल्तीमा आँखा चिम्लने गरिन्छ । यसबाट बालबालिकाको जीवनमा नराम्रो असर पर्नसक्ने पक्षमा समयमा सावधान भइँदैन । संयुक्त परिवारमा केटाकेटीहरू कुबाटोमा लाग्ने सम्भावना कम रहन्छ । किनभने परिवारका कुनै न कुनै सदस्यको आँखा केटाकेटीमा परेकै हुन्छ । रेखदेख पुगेकै हुन्छ । एकल परिवारमा बाआमा आफैले आफ्ना केटाकेटीलाई विशेष ध्यान पुऱ्याएर हुर्काउनु पर्नेहुन्छ ।

बालबालिकालाई राम्रो शिक्षा दिनु अभिभावकको मुख्य दायित्व हो । राम्रो विद्यालयमा भर्ना गरेर समयमा फिस तिरेपछि र ट्यूसन राखिदिएपछि वहुसंख्यक बाआमाहरू आफ्नो कर्तव्य पूरा भएको ठान्छन् । बाआमाले त आफ्ना बालबालिकाको सम्पूर्ण विकासमा ध्यान पुऱ्याउनु पर्ने हुन्छ । यसमा आमाको योगदान सबभन्दा बढी रहने गर्छ । रहनु पर्छ पनि । परिवारमा आफ्ना सन्ततिप्रति आमा बढी सम्वेदनशील हुन्छन् । आफ्ना कलिला सन्ततिका कठिनाइ र समस्याहरू तिनीहरूले भन्दै नभनी आमाले थाहा पाउँछन् । ममता र वात्सल्यका कारण सन्तानका लागि आमा निकटतम मित्र हुन् । प्रायः पिता बढी अनुशासनप्रिय हुन्छन् । यसरी बालबालिकाको विकासमा बाआमा दुवैको आआफ्नो महत्त्व रहन्छ ।

अभिभावकले आफ्ना छोाछोरीका साथीसँगती कोकस्ता छन् थाहा पाउनु अति आवश्यक हुन्छ । साथीसंगती राम्रा छैनन् भने तिनबाट छुटाउन समयमै उपयुक्त कदम चाल्नुपर्छ । यस्तोमा बेवास्ता गर्नु बालबालिकाका लागि त हानिकारक हुन्छ नै अभिभावकका लागि पनि दुःखद हुन्छ । यस्ता बालबालिकाले दिनदिनै नयाँ नयाँ समस्या खडा गर्न सक्छन् । नियन्त्रण बाहिर गएपछि पछुताउनुसिवाय केही बाँकी रहँदैन । कति पटक त अभिभावकले कठोर कदम पनि चाल्छन् । यसबाट बालबालिकामा थप प्रतिकूल असर पर्न पनि सक्छ । नगर भनेको काम जानी बुझी अघि सरेर गर्न थाल्छन् । बालमलोविज्ञान बुझेर अभिभावकले कठोरताका बदला मायालु बनेर समस्या समाधान गर्नु वान्छनीय हुन्छ ।

हरेक बालक आफ्नो परिवेशबाट सिक्छ । परिवारभित्रको वातावरण बालबालिकाको उचित विकासका लागि अनुकूल हुनु पर्छ । प्रतिकूल वातावरणमा पनि विकास त हुन्छ तर समग्र विकास हुँदैन । घरमा अभिभावकहरू आपसमा झगडा गर्छन् भने त्यो श्रव्यदृश्यले बालबालिकामा नकारात्मक असर पार्छ । बालबालिकाहरू झगडालु प्रवृत्तिका बन्छन् । कदाचित् कुनै कुरामा आपसमा मतभेद भए पनि बाआमाले बालक छोराछोरीका अगाडि झगडा गर्न हुँदैन । विवाद अत्यावश्यकै भयो भने उचित समाधान निकाल्ने उद्देश्यसाथ विवाद गर्दा विवादलाई पनि उपदेशमूलक बनाउन सकिन्छ । यसका लागि संयम र बुद्धिमत्ता चाहिन्छ । मतभेदलाई मतभेद बन्न नदिएर आपसी विमर्शबाट समस्याको समाधान निकाल्नु राम्रो हुन्छ ।

अभिभावकले बालबालिकाको पढाइका लागि पनि

समय दिनु पर्छ । कक्षामा व्यवहार र उपस्थिति कस्तो छ, कक्षाकार्य कत्तिको मन लगाएर गर्छन्, थाहा जुटाउनुपर्छ । समय समय विद्यालय गएर शिक्षक शिक्षिकासँग भेट्नुपर्छ र बालबालिकाको समस्या बुझेर समयमा समाधान दिनुपर्छ ।

यदि बालबालिका आफ्नो गाउँशहरबाट टाढा अन्यत्र कतै पढ्न बसेकाछन् भने अभिभावकले अझ बढी सतर्क भएर ध्यान दिनुपर्छ । अन्यत्रको समस्या फरक हुन सक्छ र छिटोछरितो समाधानको आवश्यकता पर्न सक्छ । यसका लागि अभिभावकले आफ्ना बालबालिकाका कुरा ध्यान दिएर सुन्नुपर्छ । सधैँ अघि बढ्ने प्रेरणा र प्रोत्साहन दिनुपर्छ । यसरी आफ्ना सन्ततिसँग अभिभावकको सम्बन्ध कसिलो हुन्छ र बालबालिकाको पनि मनोवल बढ्छ । राम्रो परिणामका लागि सुविधा र सहायता मात्र होइन बालबालिकालाई अभिभावकले समय पनि दिनुपर्छ । कदाचित् संकोचवस वा अन्य कारणले बालबालिकाहरू आफ्ना अभिभावकसँग मनका सवै कुरा भन्न नसकेर चिन्तित दुःखित बनेका पनि हुन सक्छन् । यसबाट उनीहरूको पढाइ र स्वास्थ्यमा प्रतिकूल असर परेको हुन पनि सक्छ । अभिभावकले सधैँ भावनात्मक संरक्षण र उचित मार्गदर्शन दिइरहनुपर्छ । आफ्ना बालबालिकालाई पालनपोषण दिने क्रममा अभिभावकले तिनका परीक्षापरिणाम र लब्धांकमा ध्यान दिने होइन, तिनीहरूका जीवनमा असल गुणको विकासका लागि लगातार ध्यान दिनु जरूरी हुन्छ ।

बालजीवनमा ऊर्जा बढी हुन्छ । त्यस उर्जालाई सकारात्मक दिशामा लगाउनु अति आवश्यक हुन्छ । ऊर्जा गलत दिशामा प्रवाहित भयो भने प्रतिकूल परिणाम भोग्नुपर्ने हुन्छ । समय समयमा बालबालिकालाई अभिभावकले रचनात्मक क्रियाकलापमा भाग लिन प्रोत्साहित गरिरहनुपर्छ । यसो गर्दा बालऊर्जाको सही नियोजन हुन्छ । बालबालिकालाई राम्रा पुस्तक पढ्न प्रेरित गर्नुपर्छ । पढाईले नयाँ र उच्चस्तरीय विचार उत्पादनमा मद्दत पुग्छ ।

बालजीवन बडो सम्वेदनशील हुन्छ । आफ्ना सन्ततिको सम्वेदनशीलतालाई ध्यान दिएर अभिभावकले पनि सम्वेदनशील व्यवहार गर्नुपर्छ । कठोर व्यवहार, कडा अनुशासनले बालसुलभ कोमलता र सरलता हराउन सक्छ । बालव्यक्तित्व विकासका लागि यथासम्भव प्रयास गर्नु पर्छ । जीवन जिउने कला सिकाउनुपर्छ । यसबाट बालबालिकाहरू स्वाधीन र स्वाभिमानी बनेर हुर्कन सक्छन् । अभिभावकहरू पनि ढुक्क हुन पाइन्छ । ❖

—स्रोतः अखण्डज्योति

नेपाल मण्डल सार्वजनिकः

ललितपुरको पाटन दरवार संग्राहलयमा भीष्म बाँस्कोटाद्वारा लिखित नेपाल मण्डल (विश्वसम्पदा लोकमाला) लोकार्पण गर्नुहुँदै कार्यक्रमका प्रमुख अतिथि माननीय संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री बद्री पाण्डे, मन्त्रालयका सचिव गणेश पाण्डे, सहसचिव एवम् संस्कृति महाशाखा प्रमुख डा. सुरेश सुन्दर श्रेष्ठ, इतिहासविद् प्रा. दिनेशराज पन्त, साथमा अन्य अतिथिहरू । सो अवसरमा मन्त्री पाण्डेले सम्पदा साहित्य र इतिहासको जगमा नेपाललाई समृद्धितिर लैजान आवश्यक रहेको र त्यस कार्यमा नेपालमण्डलले महत्वपूर्ण भूमिका खेल्ने बताउनुभएको थियो । ❖

वेदज्ञः डा. स्वामी प्रपन्नाचार्य

मनोजकुमार ढुंगाना

वैदिककालदेखि आजपर्यन्त सत्यद्रष्टा, मन्त्रद्रष्टा ऋषि, महर्षि, विद्वान्-विदुषीहरूको लामो तर सशक्त परम्परा रहेको छ। यहि विषयलाई लिएर भारतका प्रख्यात दार्शनिक एवम् पूर्व राष्ट्रपति डा. सर्वपल्ली राधाकृष्णन्ले ऋग्वेद कालदेखि यस क्षेत्रमा ज्योतिधरहरूको सुदीर्घ परम्परा चलेर आएको र यी महापुरुषहरूले अध्यात्मको सर्वोपरितामाथि जोड दिएको तथ्यलाई इंगित गर्नुभएको छ। अवश्य पनि ती ज्योतिधर ऋषिहरूले नै हाम्रो संस्कृतिलाई युग-युगसम्म प्रकाशित गरी समयको प्रवाहमा धुमिल हुन पुगेका संस्कृतिलाई नयाँ गति, शक्ति र अनेकौं आयाम थपी समायानुकुल बनाएका छन्। त्यही वेद कालदेखि चलेको महान् परम्परामा उज्ज्वल नक्षत्रको रूपमा परमश्रद्धेय स्वामी प्रपन्नाचार्यको आवीर्भाव भएको हो।

योगी महात्माहरूको बीचमा श्रद्धेय स्वामीको पहिचान, कर्म अलि पृथक देखिन्छ। जस्तो वैदिक कालमा हजारौं ऋषिमुनिहरूको भिडमा महर्षि विश्वामित्र आफ्नो कर्म, ज्ञानले छुट्टै देखिए जस्तै, यिनै महर्षिले त्यस युगमा तपबाट प्राप्त भएको इच्छा शक्तिले नयाँ ब्रह्माण्डको सृष्टि गर्नुभएको थियो। स्वामीले पनि प्रबल ईच्छा शक्तिबाटै २८ वर्षको उमेरमा वर्णमाला सिकी विद्यावारीधि प्राप्त गरी डाक्टरको उपाधि प्राप्त गर्नुभयो। उहाँलाई अशिक्षित बुवा-आमा, गरिबी, उमेरले पनि केही प्रभाव पार्न सकेन। संकल्प र ईच्छा शक्तिले जे कार्य पनि सम्भव हुन्छ भन्ने यो बलियो उदाहरण हो।

सर्वप्रथम उहाँ वेदज्ञ, प्रखर राष्ट्रवादी, संगीत साधक, पारखी, सरल, दानवीर र नेपाली मौलिक संस्कृतिको सम्वाहक हुनुहुन्थ्यो। उहाँले आफ्नो प्रवचनको क्रममा बारम्बार नेपाल मेरो जन्मभूमि हो, भू-स्वर्ग हो, प्यारो राष्ट्र हो भनी उद्गार व्यक्त गर्नुभएको थियो। त्यसै अनुरूप आफ्नो विचारलाई मूर्तरूप दिन कुनै कसर बाँकी राख्नु भएन। उहाँको चर्चित पुस्तक 'वेदमा के छ' प्रकाशनको क्रममा संस्कृत भाषामा छपाउने विचार गर्नुभएको रहेछ। तर मातृभूमि, भाषाप्रेमका साथै वेदका पुस्तक नेपालीमा थोरै मात्र भएकोले नेपाली भाषामा नै छपाउनु भयो। यो पुस्तक प्रकाशित भएपछि वेदका विषयलाई लिएर त्यस समयमा व्यापक चर्चा-परिचर्चा भएको थियो। साथै ठुलै प्रसिद्धि कमाएको र जनमानसमा राम्रो छाप परेको थियो। नेपाललाई हिन्दु राष्ट्र भने पनि वेद सम्वन्धी पुस्तक पत्रिका र यस सम्वन्धी समाजमा चर्चा-परिचर्चा सम्वाद पनि त्यति हुँदैन थियो। यस पुस्तकले वेदको विषयलाई भ्रम चिर्दै विज्ञान सम्बन्धी पाटोलाई उजागर गरिदिएको थियो।

वेदको विषयलाई लिएर वामपन्थी विद्वान्हरूले कार्लमार्क्सीय धारणालाई आधार बनाएर केही पुस्तकहरू प्रकाशित गरेका थिए। यस्ता पुस्तकहरूले वेदले प्रतिपादित गरेको मूलभूत तत्त्व र विज्ञानलाई नकारेको थियो। यहि 'वेदमा के छ' भन्ने पुस्तकले यस्ता भम्र शंकालाई हटाई दिएको र हाम्रा ऋषिमुनिहरू वैज्ञानिक समेत रहेको र उहाँहरूको दृष्टिकोण विज्ञान सम्मत् रहेको तथ्यलाई उजागर गरिदिएको थियो।

वलिष्ठ शरीर, प्रर्खर प्रज्ञाले यूक्त उदार हृदय, अहंकार शून्य, आफ्नो कार्यमा अडिग रहने र समय अनुसार कार्य गर्ने उहाँको संस्कार थियो। यसै सन्दर्भमा वि.स. २०४२ सालतिरको कुरा हो, उहाँ वनकालीबाट प्रवचन दिएर गौशालातिर आगमन हुँदै थियो, त्यसै बेला मेरो उहाँसँग अनायस भेट भयो र प्रणाम पश्चात वेद सम्वन्धी उत्सुकता मेट्न समय प्रदान गर्न अनुरोध गरे। उहाँले भोलिपल्ट आदरणीय दाजु डा. गोविन्द टण्डनको घरमा विहान ८ बजे भेट्न भन्नुभयो। तर उहाँले दिएको समयमा केही कारणवस उपस्थित हुन सकिन। स्वामीले प्रेमपूर्वक फट् कार्दै- युवा भएर समयको पालना नगर्ने, समयमा कार्यगर्न नजान्ने मान्छेको जीवन असफल हुन्छ। युवावर्ग नै अल्छी असक्षम भयो भने हाम्रो समाज राष्ट्र कस्तो होला ? भनी

प्रतिप्रश्न गर्नुभयो । उहाँको यो वचन मर्मस्पर्शी थियो । त्यसैले स्वामीसँग माफी माग्दै अवदेखि समयको पालन गर्ने प्रतिवद्धता जाहेर गरे ।

वि.स. २०४७ सालमा वैदिक उद्वोधन संघ स्थापना भएपछि स्वामीको प्रत्यक्ष माग दर्शन प्राप्त भै रहन्थ्यो । यसै संघले वि.स. २०४८ सालमा वैदिक उद्बोधन पत्रिका प्रकाशित गऱ्यो । उहाँको लेख रचना क्रमशः प्रकाशित हुन लागे । पत्रिकामा प्रकाशित सामाग्री देखेर प्रशन्न हुँदै यो पत्रिकाले हाम्रो समाजमा ठुलो प्रभाव पारेको छ भनेर प्रशंसा गर्दै हामीलाई अगाडि बढ्न प्रेरणा उत्साह प्रदान गर्नुहुन्थ्यो । यसै गरी संघले वैदिक शिक्षा प्रचार-प्रसार गर्ने उद्देश्य लिई वि.स. २०५५ सालमा काभ्रे जिल्ला स्थित फुलवारी मथुरापाटीमा 'वैदिक मथुरा विद्या मन्दिर' स्थापना गऱ्यो । भवन निर्माण गर्न ठुलो कठिनाई परेकोमा स्वामी

डा. स्वामी प्रपन्नाचार्यसँग लेखक ढुंगाना

विद्यालय पुगी निर्माणाधिन विद्यालयलाई रू. १५,०००। प्रदान गरी हामीलाई अगाडि बढ्न ठुलो प्रेरणा प्रदान गर्नुभएको थियो ।

वैदिक उद्बोधन संघद्वारा उहाँको सम्मानमा 'वैदिक धर्मसभा' गठन गरी स्वामीलाई मानार्थ अध्यक्षको पदवी प्रदान गरियो र अभिनन्दन गर्ने कार्य समेत सम्पन्न भयो । स्वामीले दिनुभएको बहुमूल्य उपदेश हाम्रा नेतागण सर्वसाधारणहरूले अलिकति पनि ग्रहण गर्न सकेको भए यो हाम्रो मातृभूमिको यो दुरावस्था अवश्य हुँदैन थियो । उहाँले आशीर्वचनको क्रममा हाम्रो नेपाल बनाउनु छ भने पहिलो सत्य चरित्र हुनु आवश्यक छ सबैले आफू माथि शासन गर्नुपर्छ, लोभी स्वार्थी हुनुभएन भन्नुहुन्थ्यो । आज आएर गणतन्त्र, प्रजातन्त्र, वामतन्त्र आदि विषयमा जति व्याख्या गरेपनि वैदिक सन्दर्भमा आफूलाई शासन गर्नु नै सच्चा तन्त्र हो । यो नै असली प्रजातन्त्र हो । साथै वेदले प्रतिपादित गरेको स्व-राज्य पनि यहि हो । समाजमा रहेको विभिन्न कु-प्रथा नराम्रा चालचलन आदिको उहाँले विरोध गर्नुहुन्थ्यो । र, तन्त्रशास्त्रमा उल्लेखित मांशाहार सेवन गर्ने भनिएकोमा त्यो गलत व्याख्या हो भनी स्वामीले अन्तवार्ताको क्रममा धेरै पटक भन्नुभएको थियो ।

स्वामी विशेष गरी मठ-मन्दिरमा दिइने बलि प्रथाको विरोधी हुनुहुन्थ्यो । स्वामीजीको उद्देश्य, लक्ष्य र कार्य आफ्नो स्व-धर्मको रक्षा, संस्कृतिको संरक्षण, सम्वर्धन र प्रगति उन्नति आफ्नैपनमा लम्केको सहि रूपको वैदिक हिन्दु राष्ट्र हुनुपर्छ भन्ने हो । नेपाल योगी-महात्माहरूको अनादि कालदेखि तपस्थली हो । यहाँ ज्ञात-अज्ञात महात्माहरूले यस धर्तिलाई पवित्र पार्दै चेतना फैलाएका थिए । ती योगी महात्माहरूको खोज अनुसन्धान गरेर पुस्तक पत्रिकामा प्रकाशित गर्नुभएको छ । यो सच्चा समयानुकुल कार्य हो । तर विशेष गरी भारतमा जनमिएका योगी महात्माहरूको बढि चर्चा र यस सम्वन्धी थुप्रै साहित्यहरू उपलब्ध रहेका छन् । तर आफ्नै राष्ट्रका ती पवित्र आत्माहरूको खोज खबर बारे हामीलाई अत्तोपत्तो छैन । स्वामीले गरेको कार्यले हामी सबैलाई ऋणी बनाएको छ ।

नेपालका सच्चा सपुत प्रखर राष्ट्रवादी व्यक्तित्वको देहवसानले हामी सबै मर्माहित छौं । यो अपूरणीय क्षतिको पूर्तिहुन लामो समयको प्रतिक्षा गर्नुपर्ने हुन्छ । अतः हामी सबैको परम कर्तव्य यो छ कि उहाँले देखाएको मार्गमा गमन गर्न सकौं । यसो गर्न सक्यो भने मात्र स्वामीजीप्रति सच्चा श्रद्धाञ्जली हुनेछ । ❖

-वैदिक उद्बोधन संघ, चावहिल, काठमाडौं

नीलकण्ठ बाबाधाम, गौधाम र कामाख्य देवीको दर्शन

■ अर्जुन लामिछाने

नीलकण्ठ बाबाधाम दीपनगर, बुटवलमा आयोजित अतिरूद्री, शिवमहापुराण, हरिवंशपुराण, शप्तसति पाठ एवम् श्रृङ्गारिक आरति समेतको दर्शन गर्न र धामको समेत अवलोकन भ्रमण गर्ने उद्देश्यले मङ्सिर १९ गते आकाशमार्ग हुँदै भैरहवा विमानस्थल पुगें । उडान निर्धारित समयभन्दा निकै ढिला भए पनि नीलकण्ठ बाबाधामकी संरक्षक माताजी देवमाया भट्टराईले गाडीको व्यवस्था गरिदिनुभएकोले साँझ कार्यक्रम स्थल (मन्दिर परिसर)सम्म पुग्न गाह्रो भएन ।

मन्दिरमा पुगेपछि माताजी सहित मन्दिर व्यवस्थापन समितिका केही पदाधिकारी एवम् सदस्यहरूसँग भेट एवम् सामान्य भलाकुसारी भयो, उक्त अवसवरमा मैले मेरो साथमा रहेका केही पत्रिका उहाँहरूलाई प्रदान गरें र कार्टुनमा रहेको पत्रिका उहाँहरूलाई नै जिम्मा लगाइदिएँ । झमक्कै साँझ परिसेकोले माताजीले आफ्नै निवासमा जान प्रस्ताव गर्नुभयो, म उहाँसँगै निवासतर्फ लागे ।

माताजीको निवासमा सहयोगी दुई बहिनी, माताजीको कान्छी छोरी हुनुहुँदो रहेछ भने उक्त साँझ कान्छो ज्वाइ पनि एक जना साथी सहित आउनुभएको रहेछ । सामान्य कुराकानी पछि खाना तयार भएकोले खाना खाएर सहयोगी नानीहरूकै निर्देशन बमोजिम आ–आफ्नो शयनकक्षमा लाग्यौं । काठमाडौंको तुलनामा बुटवलमा चिसो निकै कम रहेछ, बेलुकी त्यतिबेलाको तापक्रम २० डिग्रीभन्दा माथि नै थियो, रातको समयमा लामखुट्टे पनि लाग्ने रहेछ, म्याट बाल्दा समेत सताएपछि पंखाको सहारा लिन बाध्य भएँ । हाइवेको स्तरोन्नतिको गर्ने कार्य पूरा नभएकोले माताजीको निवास स्थल पनि धुलोको निकै चपेटामा परेको रहेछ ।

विहान सबेरै उठेर नित्यकर्म सकी माताजीको साथ कार्यक्रम स्थल बाबाधामतर्फ आएँ । धाममा आउँदा निकै आनन्दको अनुभूति भयो । धामको मूल प्रवेश द्वारभन्दा बाहिर पुरै शहरी वस्तीको प्रभाव देखिन्छ भने प्रवेश द्वारबाट भित्र पसेपछि एउटा दिव्य साधनास्थलको आभास हुन्छ । धामको दक्षिणपूर्वतर्फ मनकामना माताको मन्दिर रहेछ भने पश्चिमतर्फ खहरे खोला र त्यसको नजिकै आम्दा अस्पताल रहेछ भने पूर्व र उत्तरतर्फ घना जङ्गल रहेछ । दुईवटा शिव मन्दिर, यज्ञशाला, अतिथि विश्राम भवन, अन्नपूर्णा माता र गणेश मन्दिर निर्माण कार्य पूरा भइसकेको रहेछ । माता गुह्येश्वरीको मन्दिर निर्माण भए पनि प्राणप्रतिष्ठा

भएको रहेनछ, साथै सन्तोषीमाताको मन्दिर पनि निर्माण कार्य अन्तिम चरणमा पुगेको रहेछ । समितिका एक जना सदस्यले निर्माण सम्पन्न भएपछि सन्तोषी माताको उक्त मन्दिर नेपालकै ठूलो 'सन्तोषी माता'को मन्दिर बन्ने दावी गर्नुभएको थियो । गुरुकुलम् र गौशाला पनि सञ्चालनमा रहेको पाइयो ।

धाम परिसरको अवलोकनपछि शिव मन्दिरको प्रातकालीन आरति दर्शन गर्ने मौका मिल्यो । त्यसै क्रममा आचार्य कृष्णप्रसाद अर्याल (जो गत साउनमा सञ्चालित पशुपति कोटिहोमको मूल आचार्य हुनुहुन्थ्यो) र आचार्य हाकिम भण्डारीसँग पनि भलाकुसारी भयो । भण्डारी गुरु प्राध्यापक भवानीप्रसाद खतिवडा र छन्दुराम भण्डारीकै समकक्षी हुनुहुँदो रहेछ । आरतिमा गुरुकुलम्का छात्रहरूको समेत सहभागिता हुने रहेछ । आरति सकिँदै गर्दा उता

यज्ञमण्डपमा रूद्रीपाठ कार्य शुरू भइसकेको थियो ।

पाठ पारायण सञ्चालन हुँदै गर्दा म भने सस्वर पाठको रस्वासदन गर्दै मन्दिर वरपरका दिव्यताको समेत दर्शन गर्दै थिएँ । त्यही क्रममा धाम परिसरबाट बाहिर निस्की मनकामना माताको मन्दिरको पनि परिक्रमा गरें, प्राङ्गणमा रोपिएको तुलसाले मनै लोभ्यायो । त्यहीं समिपमै सत्य साइबाबाको मन्दिर पनि स्थापना गरिएको रहेछ, तर साइबाबाको उक्त मन्दिर संरक्षणको अभावमा खण्डहरमा परिणत हुन लागेको महसुस गरें । स्थानीय वडाको सहयोगमा मन्दिर जाने बाटोमा रेलिङ राखिंदै रहेछ । मन्दिरको इतिहासबारे सामान्य सोधपुछ गर्दा तथ्यगत केही फेला परेन । त्यहाँबाट म पुनः बाबाधाम परिसरमै फर्किएँ । पाठ पारायण र त्यसपछि हवनका कार्य पूरा भई भोजन प्रसादी लिंदा १२ बज्नै लागेको थियो । केही बेरपछि मञ्चमा प्रवचनको कार्यक्रम शुरू भयो ।

कार्यक्रम उद्घोषक खेमजीले मञ्चमा पत्रकार जीवराम भण्डारी र मलाई मञ्चासिन हुन आग्रह गर्नुभयो साथै कथाव्यासले टीका, मालासहित रामनामी लगाइदिनुभयो । हरिवंश पुराणको कथा सोही दिनबाट मात्रै शुरू गरिएको रहेछ, पं. विष्णु ज्ञवालीको प्रवचन शैली ज्यादै राम्रो लाग्यो । त्यो दिनको प्रवचन सुनेर आरति सकिएपछि बेलुकी सन्ध्याकालीन श्रृङ्गारिक आरतिको निम्ति प्रतीक्षामा बसें । ठीक ६ बजे आरति शुरू भयो । तीन जना बटुकहरूले आरति गरेका थिए । भजन लाइभ नभइ रेकर्डेड थियो । पशुपतिको आरति भन्दा धेरै नै फरक सुनियो र बटुकहरूको पहिरन, श्रृङ्गार एवम् प्रस्तुतीकरण निकै आकर्षक थियो । आरति सकिँदा साझको साढे छ भएको थियो । त्यसपछि मैले कामधेनु गौशालाका संरक्षक गोव्रती स्वामी, योगी सोमराजलाई सम्पर्क गरें । उहाँले मलाई लिन गाडी पठाइदिनुभयो । म वुटवलबाट करिव ७ कि.मी. पूर्वतर्फ रहेको कामधेनु गौशालामा आएँ ।

गौशाला परिसर छिर्दा झमक्कै साँझ परेको थियो । योगीजी निवास स्थलमै हुनुहुँदो रहेछ, उहाँले एक जना भाइलाई इशारा गरेपछि उनले मलाई गौशाला अवलोकन गराए । त्यसपछि म निवासस्थल आएँ, जहाँ योगीजी बस्नुभएको थियो । म त्यो भवनमा गएँ, जसको भुईतलामा भोजन भण्डारा र माथिल्लो तलामा अतिथि विश्रामको निम्ति कोठाहरू समेत बनाइएको रहेछ । त्योभन्दा माथिल्लो तला निर्माणधीन अवस्थामा थियो । त्यहाँ म पुग्दा एक जना सन्त, उहाँका सहयोगी (चालक) र अन्य तीन जना भलाकुसारी गर्दै हुनुहुँदो रहेछ । योगीजीले मलाई आफू भएकै स्थानमा बोलाउनुभयो जहाँ उहाँले प्रसादी तयार गर्दै हुनुहुन्थ्यो ।

केही समयको भलाकुसारीमा उहाँले बाहिर बस्ने

सन्तको पनि जानकारी दिनुभयो; स्वामी दामोदरानन्द गिरी, जो नेपालको सम्माननीय पदमा रहेर हाल संन्यासी जीवन व्यतित गरिहनुभएको छ । उहाँसँग भलाकुसारी हुँदै थियो, बाहिरबाट स्वामीजीको आवाज आयो 'पत्रकारजी बाहिर आउनुस् न यहाँसँग कुरा गर्न मन लाग्यो ।

योगीजी प्रसादी बनाउनमै व्यस्त हुनुहुन्थ्यो, म बाहिर निस्किएँ । स्वामीजीले नजिकै बस्न इशारा गर्नुभयो, म बसें । कुराकानीको शुरूवाती मै उहाँले 'यहाँ त पत्रकार हुनुहुँदो रहेछ, योगीजीले कुरा गरेको सुनें, निकै श्रद्धा गर्नुहुँदो रहेछ' भन्नुभयो । मैले 'हजुर' मात्रै भनें । उहाँको थप जिज्ञासा पछि मैले गौरी पत्रिकाको बारेमा जानकारी गराएँ । साथै वहालवाला प्रधानन्यायधीश भएकै समयमा उहाँको निवासमा आयोजित एक अनुष्ठानको दर्शन गर्न जाँदा आफूले गौरी पत्रिका उहाँलाई प्रदान गरेको पनि स्मरण गराएँ । कुराकानीकै क्रममा उहाँले उक्त समयमा उहाँमाथि भएको एउटा घटनाको स्मरण गराउनु भयो । अत्यन्तै प्रतिकुल स्वास्थ्य स्थिति हुँदा समेत संकटमोचन हनुमान स्तोत्रको पाठले आफू भयानक दुर्घटनाबाट बचेको बताउनुभयो । उहाँ हनुमानको अनन्य भक्त हुनुहुँदोरहेछ भन्ने कुरा उहाँको सो स्मरणबाट मैले जानकारी पाएँ । नजिकै घर भएकोले, डाक्टरका परिवार विदा हुनुभयो, जो गौशालाका नियमित सहयोगी समेत हुनुहुँदो रहेछ । उहाँहरू विदा भएपछि हामीहरूले प्रसादी लियौं, भोलिपल्टको भ्रमणको सामान्य योजना बनाएर केहीबेरको कुराकानीपछि आ-आफ्नो शयनकक्षमा लाग्यौं ।

भोलिपल्ट सबेरै उठेर नित्यकर्म सकी म गौमाताहरूको दर्शन गर्न गौशाला निस्किएँ । झण्डै ५०० को हाराहारीमा गाईबस्तु रहेछन् । गौशाला अत्यन्त व्यवस्थित बनाइएको रहेछ, जहाँ गौमाताहरूको अवस्था हेरेर वासस्थान छुट्टाछुट्टै बनाइएको रहेछ । दुहुना गाई एकातिर, साना साना बाच्छाबाच्छी एकातिर, ठूला साँढे एकातिर, असक्त गाईगोरू एकातिर, अरू त्यही अनुसार । सबै गाईगोरूको निम्ति दाना पानी दिन व्यवस्थित डुँड, बीचमा आवतजावत गर्न प्यासेज (बाटो) समेत । सबै गाईगोरूहरूलाई बाँधिएका रहेछन् । गौ सेवकहरू कोही गोवर संकलन गर्दै त कोही गहुँत संकलन गर्दै थिए । कोही गाई दुहुँदै गरेका थिए । गोवर संकलन गरी कतै गुइठा बनाइएको देखियो त कतै कम्पोष्ट मल, गहुँतबाट गौ अर्क बनाउन ठूला ट्याङ्कीमा गहुँत संकलन गरिएको पनि देखें ।

गौशाला परिसरको अवलोकन गर्दा मन निकै प्रफुल्लित भयो । चारैतर्फ जंगल बीचमा गौशाला, गाईगोरू सबै स्थानीय जातका । गौसेवकहरू पनि प्रसन्न मुद्रामा आआफ्नो कार्य गरिरहेका देखिन्थे । गौशाला परिसरमा गुरूकुल पनि सञ्चालित छ, त्यही गुरूकुलका बटुकहरू गौशाला परिसरमै स्थापित सिद्धेश्वर महादेव मन्दिरमा नित्य पूजा गरिरहेका थिए । ६ वर्ष अगाडि योगी सोमराजजीकै सकृयतामा स्थापना गरिएको यो गौशाला अहिले नेपालकै एक नमूना गौशाला बनेको मैले महसुस गरें ।

उक्त दिन विहानै काठमाडौं फर्कने मेरो योजना योगीजीकै सल्लाह एवम् आग्रहमा बेलुकीको निम्ति परिवर्तन गरिएको थियो । उहाँले काउन्टरमा सम्पर्क गरी बेलुकाको निम्ति टिकट व्यवस्था गरिसक्नुभएको

रहेछ । गौशाला परिसरको समग्र अवलोकनपछि म निवासमा फर्किएँ । योगीजी भान्सामा हुनुहुँदोरहेछ । संगै रहेर मैले पनि सहयोगी भूमिका निभाएँ । कुराकानी गर्दै प्रसादी तयार भयो, सबैले ग्रहण गऱ्यौं । करिव १०:०० बजे योगीजी र स्वामीजीका साथमा म पनि गौशालाकै गाडीमा भैरहवातर्फ लागें । हाम्रो यात्रा सुनौली बोर्डरसम्मको थियो, बोर्डरमै प्रहरी पोष्ट नजिकै गाडी राखेर हामी सीमापारि गयौं । स्वामीज्यूको केही किनमेल रहेछ, त्यसपछि हामी फर्कियौं । हाम्रो यात्रा लुम्बिनीतर्फ अगाडि बढ्यो । योगीजीले उहाँका पूर्व परिचित एक जना भिक्षुलाई सम्पर्क गर्नुभएको थियो, हामी लुम्बिनी परिसर छिरेर सिधै उहाँकै गुम्वामा गयौं । भित्रको वातावरण साच्चैनै प्राकृतिक लाग्ने रहेछ ।

गुम्वा ठूला ढुङ्गामा निर्माण गरिएको जस्तो देखिने, बगैचामा सारस विचरण गरिरहेका । उहाँ भियतनामी बौद्ध भिक्षु डा. लाम हुनुहुँदो रहेछ । विगत ६० वर्षदेखि लुम्बिनीमै बस्दै आउनुभएको । उहाँलाई भेटेर निकै खुशी लाग्यो । छोटो बसाइमा उहाँले धेरै चोटि शान्तिका कुरा दोहोऱ्याउनु भयो, स्वामीजीलाई समेत मिलेर शान्तिको निम्ति केही गर्न अनुरोध गर्नुभयो । उहाँले हामीलाई भियतनामी सुन्तला र कफीले स्वागत गर्नुभयो, फर्कने बेलामा उहाँले नै ५० वर्षअगाडि लेख्नुभएको पुस्तकको अनुवाद 'नेपाल शान्ति आफ्नै हातमा छ' उपहार समेत

दिनुभयो । हामी लुम्विनीका अन्य गुम्वाहरू दर्शन भ्रमणमा लागेनौं, सिधै बुटवलतर्फ लाग्यौं । स्वामीज्यूले कामाख्या मन्दिर दर्शन गर्नजाने योजना बनाउनु भएको थियो । बुटवलमा आएपछि हामीले एकदुई जनासँग सोधपुछ गरी कामाख्या मन्दिर जाने केवलकारको वेसक्याम पुग्यौं ।

बुटवलमा हालै दुईवटा केवलकार सञ्चालनमा रहेछ, सिद्धार्थ केवलकार, जो नुवाकोट दर्शनको निम्ति बनेको रहेछ, लुम्विनी केवलकार जो कामाख्या माताको मन्दिर दर्शनको निम्ति बनेको रहेछ । बुटवल उपमहानगरपालिका-३ बमघाट (बुटवल पाल्पा, स्याङ्जा हुँदै पोखरा जाने सडक खण्ड शुरूवाती स्थल)मा आधार स्टेसन रही सञ्चालनमा आएको लुम्बिनी केबलकारको टप स्टेसन पाल्पाको तिनाउगाउँपालिका-३ वसन्तपुरमा पर्दछ ।



साँझको पाँच बजिसकेको थियो । केवुलकारको फेदीमा त्यहाँका स्टाफलाई सोध्यौं, ६ बजेसम्म केवुलकार चल्ने जानकारी पायौं । टिकट काटेर हामी केवलकारमा चढ्यौं । निकै रमाइलो यात्रा भयो, पुरै जंगलको बीचबाट चढ्ने रहेछ, केही माथि पुगेपछि केवुलकारबाट सिद्धबाबाको मन्दिर र बुटवल-पोखराको सडक देखियो, नत्र बुटवलभन्दा नजिक कुनै बस्ती देखिएन । करिव २.५ किलोमिटरको केवुलकारको यात्रा १५ मिनेटमा पूरा भयो । केवुलकारबाट झरेपछि १७६ सिंढी उकालो जानुपर्ने रहेछ, विस्तारविस्तार यो यात्रा पनि पूरा गऱ्यौं । माथि पुगेपछि ठूलो प्राङ्गण छेवैमा ॐ कामाख्या शरणम् भनेर लेखिएको ठूलो अक्षर देखियो । प्राङ्गणको आगाडि निकै आकर्षक कामाख्य माताको मन्दिर र आडैमा सानो पुरानो मन्दिर रहेछ भने थोरै तल दक्षिणतर्फ ठूलो होटल खोलिएको रहेछ ।

साँझ परिसकेको थियो । मन्दिरको छत र अगाडितर्फ बालिएका झिलीमिली बत्तीले भक्तजनलाई स्वागत

गरेको भान हुन्थ्यो । मन्दिर भित्र गएर परिक्रमा र दर्शन गऱ्यौं । अर्चकले हामीलाई टीका र प्रसादी पनि दिनुभयो । तीनजना अर्चक हुनुहुँदो रहेछ, केहीबेरको कुराकानीपछि हामी फर्कियौं । कामाख्या माताको सो मन्दिर २०८० साल जेठमा निर्माण सम्पन्न भई प्राण प्रतिष्ठा गरिएको रहेछ । भारतको गुहाटीको कामाख्या माताको मन्दिरकै शैलीमा तयार गरिएको यस मन्दिर रहेको क्षेत्रमा प्राचीन कालदेखि नै कामाख्या माताको पूजा अर्चना गरिने चलन रहेछ ।

केवलकार नजिकै आउँदै गर्दा बन्द गरियो । हामी हतास पनि भयौं, तर त्यहाँका स्टाफले दश मिनेट पछि एकपटक खोलिने जानकारी दिएपछि त्यसैको प्रतीक्षामा रह्यौं । जव केवलकार खोलियो हामी झऱ्यौं । हामी झर्ने क्रममा माथी जाने केवल एउटा डिब्बा मात्रै देखियो, अरू तल पार्किङ भैसकेका रहेछन् । तल आएपछि अलमल नगरी हामी गौशालातर्फ लाग्यौं ।

गौशाला पुग्न नभ्याउँदै मलाई अपरिचित नम्वरबाट फोन आयो, भैरहवाबाट काठमाडौं जाने बसको स्टाफले गरेका रहेछन्, हामी बुटवलबाट छुटिसकेका छौं भने । गाडी नजिकै आइसकेको खवर पाएपछि म गौशालामा अलमल गर्ने कुरा भएन, त्यहाँ पुग्ने बित्तिकै झोला बोकेर योगीजी र स्वामीज्यूसँग विदा मागेर बाहिर सडकमा बसको प्रतिक्षामा रहें । केहीबेरमा बस मेरो नजिकै आएर रोकियो, कन्टक्टरको इशारा बमोजिम म दोश्रो नम्वरको सिटमा बसें । त्यतिबेलासम्म बसका प्रायः सिट खाली थिए केही मिनेटको यात्रापछि सबै सिट भरिभराउ भयो । यात्राका क्रममा बसमा बेलुकी केही समय म्युजिक र भिडियो बजाइएको थियो ।

दाउन्नेमा खाना खुवाएपछि बसको लाइट म्युजिक सबै बन्द गरियो । नारायणघाट बुटवल खण्डको सडक विस्तार कार्य पूरा भएको रहेन छ, पिच नभएको ग्राभल रोड भएकोले गाडी मन्द गतिमा चलेको थियो । दाउन्नेबाट बस छुटेपछि निद्रा पनि लाग्यो, एकपटक निद्रा खुलेर बाहिर हेर्दा शाश्वत धाम (देवचुली)मा आइपुगिएको रहेछ । त्यसपछि रातको एक बजे, लौ नारायणघाट आयो, कोही हुनुहुन्छ भनेपछि निद्रा खुल्यो । नारायणघाटबाट अगाडि बढेपछि भने बसको गति निकै बढ्यो, आदमघाट आइपुग्दासम्म बसको गति रफ्तारमै थियो । त्यसपछि भने गति सीमित नै भयो । नयाँ बसपार्क आएर बसबाट ओर्लंदा

विहानको पौने आठ बजेको थियो । त्यसपछि चक्रपथ परिक्रमा गर्ने नगरबसमा यात्रा गर्दै जयबागेश्वरी हुँदै विहानको साढे आठ बजे आफ्नो निवासमा आइपुगें ।❖

-पशुपति क्षेत्र, काठमाडौं

योगी नरहरिनाथ अभिवन्दन ग्रन्थ

■ राधेश्याम ढकाल

भूमिका

डा. स्वामी प्रपन्नाचार्यको प्रधान सम्पादनमा १३७ जना बुद्धिजीवीद्वारा लिखित लेख रचनाहरू समावेश गरी २०५४ सालमा राष्ट्रगुरूयोगी नरहरिनाथलाई अभिनन्दन गरिएको ग्रन्थको नाम नै योगी नहरिनाथ अभिनन्दन ग्रन्थ हो ।

योगीजीको जीवन कालमै उहाँप्रति समर्पित यस ग्रन्थको परिमार्जित दोश्रो संस्करण हाल २०८१ सालमा डा स्वामी प्रपन्नाचार्यकै प्रमुख शिष्य श्रीपञ्च सत्य सनातनको पूर्ण संयोजनमा सम्पादन डा. गोविन्द टण्डनद्वारा प्रकाशित गरिएको छ ।

आवरण

थान्का चित्र भैँ लाग्ने मोटो कागजको आवरणको पहिलो पृष्ठमा सेतो भोटो र सेतै धोती लगाएर केही



लेख्दै गर्नुभएका योगीजीको चित्र छ । र, भुईमा लेखिएको केही (कागजका) ताउहरू पनि खसेका छन् । त्यसको अतिरिक्त एउटा शिलापत्र चैत्य गोरखनाथको मन्दिर पशुपतिनाथको मन्दिर, किताबका भारी बोकेको एक हल गोरू, बादलको साथमा दुई भैरव, पहाड, पहाडमा बुट्यान सगरमाथा, सगरमाथाको ठीक मुनि ठूलो स्वर्ण अक्षरमा योगी नरहरिनाथ र त्यसको मुनि साना ध्वाँसे गुलावी रङ्का अक्षरमा लेखिएको अभिनन्दन ग्रन्थ ।

देब्रे खुट्टा ह्रस्व तर्कुरे भैँ मोडी दाहिने खुट्टा यसो दीर्घ तर्कुल्ले भैँ फैलाएको योगीजीको दाहिने कुम पछाडि टाउकोमा स्व्यंम्भूको चित्र राखी मुनि त्यस सम्वन्धी लेखलेखिएको पत्रिकाको पातोको चित्र र त्यसको मुनि योगीजीकै एक जोडी खराउको चित्र छ भने योगीजीको चित्रको पाउमुनि सम्पादक डा. गोविन्द टण्डनको नाम छ ।

आवरणको पछिल्लो पृष्ठमा गुफामा साधना गर्दै रहनुभएका योगीजी त्यसको माथि दायाँ बायाँ दुई भैरव । साधना सकी देब्रे हातमा लठ्ठी र दाहिने हातमा रूद्राक्षको माला लिएर बाहिर निस्कँदै गनुएभएका योगीजी । गुफा अघिल्तिर पहाडी खोलाले बनाएको तलाउ, तलाउमा रातो,हरियो र नीलो नाग अनि कमलको फूल फूलमाथि उभिनुभएका रातो मच्छेन्दनाथको चित्र छ ।

गीताको पहिलो अध्यायको पहिलो श्लोकले गीता प्रकाशित पारेभैँ योगी नरहरिनाथ अविनन्दन ग्रन्थको यो आवरणले नै उहाँको बारेमा खुलाएको छ ।

भित्रीपेज

भित्री पेजको पहिलो पेजको टोकोमा योगी नरहरिनाथ ग्रन्थ र पुच्छारमा सम्पादक डा. गोविन्द टण्डनको नाम लेखिएको छ ।

दोश्रो पेजको टाउकोमा सिद्ध धर्म संघको लोगो, त्यसको मुनि क्रमशः प्रकाशक र उसको मोवाइल नम्वर, प्रकाशक संयोजकको नाम दोश्रो परिमार्जित संस्करण, मूल्य, मुद्रकको नाम र टेलिफोन नं. लेखिएको छ ।

चौथो पेजको टाउकोमा योगी नरहरिनाथ ग्रन्थ, मुनि योगीजीको फोटो र फोटो मुनि संस्कृतका ४ पङ्तिमा योगीजीको परिचय खुल्ने श्लोक छ ।

पाँचौ पेजमा प्रा. दुर्गाप्रसाद दहालको राष्ट्रगुरूयोगी नरहरिनाथः शीर्षकको स्तुति कविता र त्यसपछि अ आ इ ई गरी ४ पेजमा प्रकाशकीय मन्तव्य छ ।

त्यसपछि ३ पेजदेखि अमर व्यक्ति योगी नरहरिनाथ शीर्षकमा पहिलो संस्करणको सम्पादकीय राखिएको छ । र, अन्तमा अक्षर र अङ्करहित ८ पेजको विषयसूची छ ।

विषयसूची

विषयसूची अन्तर्गत अ र उ पेजमा क्रमशः डा. दुर्गाप्रसाद दहालको प्रकाशकीय र प्रथम संस्करणको सम्पादकीय छ । त्यपछि योगीजीप्रति अभिनन्दन गरिएका विभिन्न बुद्धिजीवीहरूका १३६ वटा लेख रचनालाई ५ खण्डमा विभाजन गरीराखिएको छ । त्यसपछि फेरि अभिनन्दन समारोह पश्चात प्राप्त भएका केही लेखहरू भनी क. ख. ग. मा तीन जना बुद्धिजीवीहरूका तीनवटा लेख समेटिएका छन् ।

मूल लेखको समाप्तिपछि परिशिष्ट १ भनी चिठीपत्र, तस्वीरहरू र अनुक्रमणिका राखिएको छ भने परिशिष्ट २ मा अभिनन्दन ग्रन्थ प्रकाशनका लागि सहयोग गर्ने सहयोगीहरूको नामावलीका साथ १०५२ पृष्ठको यो अभिनन्दन ग्रन्थ प्रकाशितगरिएको छ ।

खण्ड १ देखि ५ सम्म

खण्ड १ मा २५ खण्ड, २ मा २४, खण्ड ३ मा १३, खण्ड ४ मा २७, खण्ड, ५ मा ४७ गरी कूल १३६ जना बुद्धिजीवी र अभिनन्दन समारोह पश्चात प्राप्त भएका क. ख. ग. का ३ जना बुद्धिजीवीहरूका लेख रचनाहरू पढेपछि योगीजी असाधारण प्रतिभाका धनी तथा बहुआयामिक व्यक्ति हुँनुहुँदोरहेछ भन्ने थाहा पाइन्छ । र कता कता भित्री मनमा योगीजी कतै नेपाल आमाको रक्षाका लागि गोरखनाथको थोरै अंश कला लिएर जन्मनु भएको महापुरूष त होइन भन्ने लाग्छ । अनि आफूले अधुरो छोडेका काम सम्पादन गर्न भविष्यको कुने काल खण्डमा फेरि पुनर्जन्म लिएर आउने त होइन भन्ने मीठो आश पनि जाग्छ ।

ज्योतिष तिलकराज पौड्यालले पृष्ठ ७२५ मा योगीजीको जन्म कुण्डली दिनुभएको छ । ज्योतिष राम्ररी जान्ने विज्ञले त्यो हेरेर त्यसको निर्क्यौल गर्नुहुनेछ ।

योगीजीको कामको सारांश बुँदा

१. नेपालको इतिहासको गर्भगृहभित्र लुकेर रहेका ऐतिहासिक दस्तावेज सन्धिपत्र, शिलालेख, आदिको खोज, संकलन र प्रकाशन ।
२. नेपालको सीमा नजिकै भारतमा सरयू संस्कृत विश्वविद्यालयको स्थापना र विघटन ।
३. नेपालमा विश्व हिन्दु महासंघको स्थापना ।
४. राजनीतिमा सक्रियता ।
५. नेपालका विभिन्न स्थानमा अविच्छिन्न र छिमेकी मुलुक भारतमा समेत गरी १३३ कोटिहोम लगाउन सफल सिद्धयोगी ।
६. नारी पुरूषको विभेद अन्त्य गर्न नारीको ब्रतवन्ध गरी गायत्री मन्त्र दिने क्रान्तिकारी व्यक्ति ।
७. वैदिक सनातन हिन्दु धर्म र संस्कृत भाषाको पक्षपाती ।
८. महेन्द्र संस्कृत विश्वविद्यालयका जन्मदाता ।
९. शिखरिणी खण्डकाव्यका रचयिता ।
१०. जडिबुटीका औषधीय गुण जान्ने एक कुशल वैद्य ।
११. नेपालमा बसोवास गर्ने विभिन्न जातजातिका वंशावलीका खोजकर्ता ।
१२. नेपाली संस्कृत तथा हिन्दी भाषा सहित दर्जनौ भाषामा घण्टौं प्रवचन गर्न सक्ने कुशल वक्ता ।
१३. उड्ने सैलीमा हिड्ने व्यक्ति ।
१४. ब्रह्मचारी ।

प्रस्तुत अभिनन्दन ग्रन्थमा उहाँलाई अभिनन्दन गर्ने बुद्धिजीवीहरूले माथि उल्लेखित बुँदाहरूको सेरोफेरोमा रही योगीजीप्रति अभिनन्दन प्रकट गर्नुभएको छ । ❖

उल्लेखित ग्रन्थको दोश्रो संस्करणको लोकार्पण समारोह श्रीपञ्च सत्य सनातनको सभापतित्वमा अनन्तश्री विभूषित महामण्डलेश्वर स्वामी आत्मानन्द गिरिजी महाराजको प्रमुख आतिथ्यतामा सम्पन्न गरिएको थियो । सो विमोचन समारोहमा महिला तथा सामाजिक मामिला समितिका सभापति किरणकुमार साह, रामकृष्ण आश्रमका प्रमुख स्वामी एकार्थानन्द महाराज, शिक्षाविद् एवम् धार्मिक अभियन्ता डा. चिन्तामणिनाथ योगी, भ्रष्टाचार विरोधी अभियानका अभियन्ता भरत जङ्गम, साहित्यकार रमा शर्मा, वरिष्ठ पत्रकार प्रेम कैदी लगायतका विशिष्ठ विद्वान्‌हरूको उपस्थिति थियो । सं.

गतिविधि

स्वध्याय परिवार २७ औं वर्षमा

अध्यात्म एवम् वेदान्त सम्वन्धमा दैनिक सत्सङ्ग गरिने स्वाध्याय परिवार २७ औं वर्षमा प्रवेश गरेको छ। गत मङ्सिर २४ गते सत्सङ्ग परिवार जावलाखेलको सभाकक्षमा श्री १००८ स्वामी विमलानन्द सरस्वतीको प्रमुख आतिथ्य एवम् प्राध्यापक शिवगोपाल रिसाल, डा. गोविन्द टण्डन एवम् सहप्रा. विनुबाबा अर्यालको विशेष आतिथ्यमा आयोजित विशेष समारोहमा २७ औं वार्षिकोत्सव मनाइएको हो । स्वाध्याय परिवारका अध्यक्ष दीपक रिमालको सभापतित्वमा आयोजित सो वार्षिकोत्सव समारोहमा स्वाध्याय परिवारको विगत वर्तमान र भविष्यको बारेमा चर्चा गरिएको थियो । साथै सोही अवसरमा प्राध्यापक शिवगोपाल रिसाल र डा. गोविन्द टण्डन बीचको शाश्वत सोच, चिन्तन र दर्शनमा आधारित कुराकानीको संगालो शाश्वत जीवन दर्शन लोकार्पण गरिएको छ । लोकार्पित सो कृतिको विषयमा सहप्राध्यापक डा. विनुबाबा अर्यालले प्रकाश पार्नुभएको थियो । सोही अवसरमा पं. वेदप्रसाद पन्तद्वारा लिखित गण्डकी आलोक र डा. हरिहरप्रदीप घिमिरेद्वारा लिखित श्रीगरूड पुराण प्रेतकल्प सारोद्धारको समेत विमोचन गरिएको थियो। विमोचन गरिएका तीनवटै पुस्तक विश्व विराट ज्ञान आश्रम नयाँ बानेश्वरद्वारा प्रकाशन गरिएको हो।

साधक सञ्जीवनी एवम् जीवन संजीवनी लोकार्पण

गीता जयन्ती (मोक्षदा एकादशी)का अवसरमा साधक सञ्जीवनी एवम् जीवन सञ्जीवनीको नेपाली अनुवाद लोकार्पण गरिएको छ । गीता प्रेस नेपाल शाखाद्वारा आयोजित एक विशेष समारोहमा अनन्तश्री विभूषित गलेश्वर पीठाधीश्वर स्वामी आत्मानन्द गिरी महाराज, विशेष अतिथि भगवान् श्रीपशुपतिनाथका मूल अर्चक रावल गणेश भट्ट, वृन्दावन निवासी स्वामी नवलरामजी महाराज, पशुपति क्षेत्र विकास कोषका पूर्व सदस्यसचिव डा. गोविन्द टण्डन लगायतका विशिष्ठ व्यक्तित्वहरूद्वारा सो पुस्तक विमोचन गरिएको हो। स्वामी श्रीरामसुखदासजी महाराजको अनेकौं कृतिहरूमा श्रीमद्भगवद्गीताको प्रसिद्ध ग्रन्थ साधक सञ्जीवनी र श्रीमद्भागवतको जीवन उपयोगी ग्रन्थ जीवन सञ्जीवनीलाई लिइन्छ।

श्रीमद्भागवत कथा एवम् नौ कुण्डीय महायज्ञ सम्पन्न

देवभूमि नेपालको आयोजनामा पशुपति मन्दिर परिसर, वनकाली हंशमण्डपमा श्रीमद्भागवत कथा एवम् नौ कुण्डीय गायत्री महायज्ञ सहितको अनुष्ठान सम्पन्न गरिएको छ। गत मङ्सिर २१ देखि ३० गतेसम्म आयोजित अनुष्ठानमा श्रीमद्भागवतको कथा प्रवचन सुप्रसिद्ध भागवतवाचिका विदुषी डा. कान्ता भट्टराईले गर्नुभएको थियो। सो अवसरमा लक्ष्यवर्तीका प्रज्वलन समेत गरिएको थियो।

'जाऊ हिँड पोखरा' सार्वजनिक

रोमान्टिक शैलीको नयाँ गीत "जाऊ हिँड पोखरा" सार्वजनिक भएको छ। गीतले पोखराको अनुपम प्राकृतिक सुन्दरताको वर्णन गर्दै प्रेम र जीवनशैलीलाई समेटेको छ।

यस गीतमा गायक मुकुन्द त्रिपाठी र अस्मिता अधिकारीले स्वर दिएका छन् । शब्द, संगीत र निर्देशन मुकुन्द त्रिपाठीकै रहेको यो सिर्जना नेपाली सांगीतिक बजारमा एउटा रोचक प्रस्तुति हो। एरेन्जर राजु सुनाम र मिक्सिङ बिनोद परियारले यो गीतलाई प्राविधिक हिसाबले उत्कृष्ट बनाएका छन्।

भिडियोमा गायक मुकुन्द त्रिपाठीसँगै सरिता दनकुटी र अनुभव त्रिपाठीको अभिनय रहेको छ। सिनेमाटोग्राफी सुबास सुबेदीले गरेका छन् भने सम्पादन र कलरिङ सुबास अमगाईले गरेका छन्। भिडियोमा युमी बलामीको कोरियोग्राफी रहेको छ । दुर्गा न्यौपाने त्रिपाठीद्वारा प्रस्तुत यो गीत मुकुन्द त्रिपाठीको आधिकारिक युट्युब च्यानलमा सार्वजनिक गरिएको हो। गीतले सांगीतिक प्रेमीहरूको मन जित्ने विश्वास निर्माण टिमले व्यक्त गरेको छ।

निःशुल्क यात्री विश्राम तथा स्वास्थ्य सेवा प्रभावकारी

विवाह पञ्चमीको अवसरमा जनकपुरधाम परिसरमा निःशुल्क स्वास्थ्य शिविर तथा यात्री विश्राम स्थलको व्यवस्था गरिएको छ । नेपाल-भारत खुला सीमा संवाद समूह र क्लोथ बैंक धनुषा नेपालले संयुक्त रूपमा निःशुल्क यात्री विश्राम, स्वास्थ्य शिविर, पिउने पानीको व्यवस्था र यात्री सहायता परामर्श केन्द्र स्थापना गरेका हुन्।

शिविर बिहान ७ देखि बेलुकी ७ बजेसम्म सञ्चालन हुने र त्यसपछि यात्री विश्राम स्थलमा परिवर्तन गरिनेछ। शिविरमा डा. अजय मिश्र, डा. उदय झा, सिअहेव दिलीप मिश्र, उज्ज्वल झा, शशी सिंह र सोनु यादव लगायतका स्वास्थ्यकर्मीहरूले निःशुल्क सेवा प्रदान गरिरहेका छन्।

त्रेता युगमा मिथिला नरेश राजा जनककी पुत्री सीता र अयोध्या नरेश दशरथका पुत्र भगवान् रामको विवाहको सम्झनामा प्रत्येक वर्ष विवाह पञ्चमी महोत्सव जनकपुरधाममा भव्य रूपमा मनाइने गरिन्छ। यस अवसरमा अयोध्याबाट जन्ती (बाराती) जनकपुरधाम आउने परम्परा रहेको छ। यस पटको विवाह पञ्चमी गत मङ्सिर २१ गते परेको थियो।

कृष्णपुरमा श्रीमद्भगवद्गीता जयन्ती सत्सङ्ग समारोह सम्पन्न

सिर्जना अर्याल/गीता जयन्तीको अवसरमा भगवद् गीता सत्सङ्ग परिवारको आयोजनामा तथा गीता अध्ययन प्रतिष्ठान, नेपाल र गीता फर लाईफको सहकार्यमा श्रीमद् भगवद्गीता जयन्ती सत्सङ्ग समारोह सम्पन्न गरिएको छ। गत मङ्सिर २९ गते श्रीकृष्ण आध्यात्मिक प्रतिष्ठान, भरतपुर मनपा- ७, चितवनको सभाहलमा आयोजित श्रीमद्भगवद्गीता जयन्ती सत्सङ्ग समारोह कार्यक्रम भव्यताका साथ सम्पन्न गरिएको हो। सो कार्यक्रममा बिभिन्न जिल्लाका गरी सयभन्दा बढी गीताज्ञानप्रेमीहरू सहभागी थियो।

भगवद्गीता सत्सङ्ग परिवारका अध्यक्ष हरिहर दवाडी भक्तियोगीको सभापतित्वमा भएको सो कार्यक्रममा गीता अध्ययन प्रतिष्ठानका अध्यक्ष दुर्गा न्यौपाने प्रमुख आमन्त्रित व्यक्तित्व हुनुहुन्थ्यो भने विशिष्ट आमन्त्रित व्यक्तित्वहरूमा रामप्रसाद गीता अध्ययन प्रतिष्ठानका उपाध्यक्ष रामप्रसाद लामिछाने, Divine Path International Foundation का अध्यक्ष योगिनी सरितानन्दी, पतञ्जलि योग समिति चितवनका अध्यक्ष रमेशबाबु ढकाल, भगवद् गीता प्रशिक्षक विदुषी नारायणी देवीजी तथा वैदिक सनातन हिन्दु धर्म सेवा समिति नेपालका अध्यक्ष उमाकान्त मरहट्टा हुनुहुन्थ्यो। आमन्त्रित व्यक्तित्वहरूमा बागमती प्रदेश सरकारका उपसचिव महेशराज पौडेल, दिलराज पाठक, सच्चिदानन्द पौडेल, सरिता कोइराला, प्रमिला तज्या, प्रभा शर्मा लगायत हुनुहुन्थ्यो।

भगवद्गीता सत्सङ्ग परिवारकी सचिव गीता जमरकट्टेल पौडेलले सञ्चालन गर्नुभएको सो कार्यक्रममा उपाध्यक्ष पमनारायण अधिकारीले स्वागत मन्तव्य व्यक्त गर्नुभएको थियो। सो कार्यक्रममा वक्ताहरूले भगवद् गीताको महत्त्व, वैज्ञानिकता र व्यवहारिकताको बारेमा प्रकाश पार्नुभएको थियो। ज्ञानेन्द्र आचार्य र मोहन पुरीको सांगितिक नेतृत्वमा भएको उक्त भक्तिसंगितमय कार्यक्रममा १५ जना गीतापाठीहरूद्वारा गीतावाचन गरिएको थियो भने दैनिक गीतावाचन गर्ने ५० जनालाई प्रमाणपत्र समेत प्रदान गरिएको थियो। सो कार्यक्रममा निःशुल्क गीतावितरण पनि गरिएको थियो।

आरति भोग परिवारद्वारा निःशुल्क खाना

शहीद गङ्गालाल हृदयरोग अस्पतालका विरामी एवम् असक्त कुरुवाहरूलाई दृष्टिगत गरी हरेक साँझ एक

छाक भोजनको व्यवस्था गरिएको छ। गत मङ्सिर ३० गते धान्यपूर्णिमाको अवसरबाट सो अस्पतालको स्वीकृतिमा आरति भोग परिवारको संयोजनमा उक्त निःशुल्क भोजन वितरण कार्यक्रम सञ्चालन गरिएको हो। निःशुल्क भोजन वितरण कार्यक्रमको शुभारम्भको अवसरमा छोटो मन्तव्य दिनुहुँदै संस्थाकी अध्यक्ष सहप्राध्यापक डा. विनुबाबा अर्यालले सहयोगी मनलाई जोडेर निःशुल्क भोजनको व्यवस्था गर्न लागिएको बताउनुभयो। 'यहाँ कोही धनी या गरिव छैनन्। परिस्थितिले त्यस्तो अवस्था सिर्जना गर्ने हो' उहाँको भनाइ थियो। उहाँका अनुसार हाललाई हरेक दिन १५० देखि २०० जना मानिसलाई खानाको व्यवस्थापन गरिएको र भविष्यमा माग बढेमा थप व्यवस्था हुने छ। ❖

जाडो मौसममा सवारी
दुर्घटनाको जोखिमबाट बचौं !

हुस्सु, कुहिरो र शीतलहरका बेला सवारी दुर्घटनाको उच्च जोखिम हुन सक्छ, सावधानीपूर्वक सवारी साधन चलाऔं-

- ❖ सवारी चलाउनु पूर्व सवारीको यान्त्रिक परिक्षण गरौं,
- ❖ हुस्सु, कुहिरो र शीतलहरको बेला बत्ति (फग लाइट) बालेर मात्र सवारी साधन चलाऔं,
- ❖ बाक्लो कुहिरोको समयमा अवश्यकता अनुसार हर्नको प्रयोग गरौं,
- ❖ तीब्र गतिमा सवारी साधन नचलाऔं,
- ❖ सवारी साधन रोक्नुपर्दा संकेत दिई सडक किनारामा मात्र रोक्ने गरौं,
- ❖ मादक पदार्थ सेवन गरी सवारी साधन नचलाऔं,
- ❖ जथाभावी बाटो नकाटौं, बाटो काट्दा शतर्क रहौं ।

सवारी दुर्घटनाबाट आफू पनि बचौं अरूलाई पनि बचाऔं ।

नेपाल सरकार
विज्ञापन वोर्ड

श्री परमात्मने नमः
SHRI RAJSHYAMAJI
हार्दिक निमन्त्रणा
पुर्ण ब्रह्मः परमात्माको असिम कृपाले यही आउँदो मिति २०८१ साल पौष २९ गते पौष शुक्ल पुर्णिमा श्री स्वस्थानी व्रत कथा प्रारम्भको दिन देखी माघ ३० गते माघ शुक्ल पुर्णिमा सम्म श्रीकृष्ण प्रणामी सेवा आश्रम शंखरापुर साँखु सालिनदि स्थापनाको ११ औं वार्षिकोत्सबको अवसरमा महिना ब्यापि संगितमय श्रीमद्ध तारतमिय भागवत कथा एवं श्री स्वस्थानी व्रत कथामृत दिब्य सत्सङ्ग कार्यक्रमको आयोजना गरिएको छ। अन्तर्राष्ट्रिय ख्याति प्राप्त वाचन शिरोमणि
विदुषी माता श्री सपना देवी ज्युको प्रमुख वाचकत्वमा एवं
अतिथि रुपमा पाल्नु हुने विद्वान विदुषीहरुको समेत विशेष आशीर्वाद रहने उक्त सालिनदि महोत्सवमा स-परिवार पाल्नु भई आध्यात्मिक लाभ लिनुहुन सादर आमन्त्रण गर्दछौं ।
आयोजकः श्रीकृष्ण सुधामृत सेवा संस्था नेपाल
श्रीकृष्ण प्रणामी सेवा आश्रम साँखु सालिनदि
कार्यक्रम समय :
बिहान ११ बजे देखि २ बजे सम्म
स्थान :
शंखरापुर नं.पा वडा नं -७ सालिनदि रोड नापी कार्यालय अगाडि

Your Printing Solution
"गुणस्तरीय छपाई, सुपथ मुल्य"
किशोर अफसेट प्रेश प्रा. लि.
गोल्कोपाखा, ठमेल, काठमाडौं, फोन: ०१-४०२२५४४

शुद्ध, सफा र स्वादिष्ट नेपाली भोजनका लागि सदैव सम्झनुहोला ।
त्रिवेणी भोजनालय
क्षेत्रपाटी, काठमाडौं | फोनः ४२५१९८४

सादर-निमन्त्रणा

समादरणीय श्रद्धालु भक्त सज्जनवृन्दज्यूहरु

समादरणीय श्रद्धालु भक्त सज्जनवृन्दज्यूहरु, ऐतिहासिक श्री पशुपति कोटिहोम ज्ञान महायज्ञको उद्देश्य अनुरुप छोरीको घर ज्येष्ठ नागरिक आश्रम र मामाघर अनाथालय आश्रमको भवन निर्माणका लागि नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिबाट पौष २७ गते भवन शिलान्यास कार्यक्रमको शुभ साईत रहेको प्रमाणित भई आएको हुँदा यही आउँदो पौष महिनाको २७ गते शनिबार मामाघर अनाथालय आश्रम भवनको वृहत शिल्यान्यास कार्यक्रममा विहान ७:०० बजे उपस्थित भईदिनुहुन सँगसँगै सोही दिन छोरिको घर ज्येष्ठ नागरिक आश्रम भवनको वृहत शिल्यान्यास कार्यक्रममा विहान १०:०० बजे उपस्थित भई शोभा बढाइदिनुहुन साथै प्रसाद ग्रहण गरी विविध कार्यक्रमहरुमा सहभागी हुनुभई हामीलाई कृतार्थ बनाइदिनुहुन हार्दिक निमन्त्रणा गर्दछौं ।

धर्म, सेवा, र समाजप्रतिको हाम्रो यो साझा अभियानमा यहाँहरुको सक्रिय सहभागिताले यसलाई थप अर्थपूर्ण बनाउनेछ ।

मामाघर अनाथालय आश्रमको कार्यक्रम विवरण

- कार्यक्रम मितिः– २०८१ पौष २७ गते
- भक्तजनहरु पदार्पण भइदिनुपर्ने समयः– बिहान ०७:०० बजे
- शिलान्यास साईतः– बिहान ०८:४७ बजे
- विविध कार्यक्रमः– बिहान ०९:०० बजे
- प्रसाद समयः– बिहान ०९:३० बजे

कार्यक्रम स्थल
गोदावरी–१४, बाँडेगाँउ, ललितपुर
९८५१३५७००९/९८०२३७००८३

छोरीको घर ज्येष्ठ नागरिक आश्रमको कार्यक्रम विवरण

- कार्यक्रम मितिः– २०८१ पौष २७ गते
- भक्तजनहरु पदार्पण भइदिनुपर्ने समयः– बिहान १०:०० बजे
- शिलान्यास साईतः– बिहान ११:५८ बजे
- विविध कार्यक्रमः– दिउँसो १२:३० बजे
- प्रसाद समयः– दिउँसो ०२:०० बजे

कार्यक्रम स्थल
चाँगुनारायण न.पा.–०९, ताथली, भक्तपुर
९८५१३५७००७/९८०२३७००९३